का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ चैत २०८१,
शनिबार
5 April, 2025
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक ६२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# ८६ दिनपछि पुन: थुनामा रवि

सहकारी ठगी, संगठित अपराध र सम्पति सुद्धीकरणको कसूरमा ८४ दिन प्रहरी हिरासत बसेर धरौटीमा रिहा भएका रवि लामिछाने ८६ दिनपछि पुन: थुनामा गएका हुन् ।



**शिव विक/मध्यान्ह**
काठमाडौं, २२ चैत ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई पुन: पक्राउ परेका छन् ।

उच्च अदालत तुलसीपुरको बुटवल इजलासले पुन: थुनामा पठाउने आदेश गरेसँगै लामिछाने काठमाडौं हेपाली हाईटबाट पक्राउ परेका परेका हुन् ।

धरौटीमा छाड्ने जिल्ला अदालत रुपन्देहीको आदेश शुक्रबार उच्च अदालतले बदर हो । लमिछाने यसअघि सहकारी ठगी, संगठित अपराध र सम्पति सुद्धीकरणको कसूरमा ८४ दिन प्रहरी हिरासत बसेर धरौटीमा रिहा भएका थिए । २५ पुस २०८१ मा जिल्ला अदाललतको आदेशमा रिहा भएका लामिछाने ८६ दिनपछि पुन: थुनामै गएका हुन् । शुक्रबार नै उच्च अदालत तुलसीपुरको पृष्ठ २ मा

नागरिकले पाउने सामाजिक सुरक्षा भत्ताहरू


- जेष्ठ नागरिक भत्ता,
- अन्य जेष्ठ नागरिक भत्ता,
- एकल महिला भत्ता,
- विधवा भत्ता,
- पूर्ण अपाङ्गता भत्ता,
- अति अशक्त अपाङ्गता भत्ता,
- बाल पोषण भत्ता,
- लोपन्मुख जाति भत्ता ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आफ्नो स्थानीय तहमा सम्पर्क गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# मोदीले एक्लै भेटे ओली

■ वार्ता सार्थक र सकारात्मक : ओली ■ नेपाल भारतको प्राथमिकतामा : मोदी



**निमिष झा/मध्यान्ह**
काठमाडौं, २२ चैत ।

लामो संवादहीनतापछि प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्र मोदीबीच शुक्रबार महत्त्वपूर्ण भेटवार्ता भएको छ । शुक्रबार थाइल्यान्डको राजधानी बैंककमा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिम्स्टेक)को छैटौं शिखर सम्मेलनको समापनमा साइडलाइनका क्रममा प्रधानमन्त्री ओली र भारतीय समकक्षी मोदीबीच भेटवार्ता भएको हो ।

भेटमा नेपाल र भारतबीचको ऐतिहासिक, सांस्कृतिक, धार्मिक र जनस्तरका सम्बन्धमा आधारित पारस्परिक सम्बन्धलाई थप मजबुत बनाउने प्रतिबद्धता दुवै प्रधानमन्त्रीहरूले गरेका छन् ।

दुवै नेताबीच व्यापार, सीमापार यातायात, ऊर्जा सहकार्य पृष्ठ २ मा

## नेपाली र हिन्दीमा सन्देश

भेटघाटलाई दुवै प्रधानमन्त्रीहरूले सकारात्मक र उपलब्धिमूलक रहेको भन्दै सामाजिक संजालमा सन्देश प्रेषण गरेका छन् ।

प्रधानमन्त्री ओलीले मोदीसँगको भेट आत्मीय र सौहार्दपूर्ण रहेको र वार्ता सार्थक र सकारात्मक भएको जनाएका छन् ।

यस्तै, भारतीय प्रधानमन्त्री मोदीले पनि भेटलाई फलदायीको संज्ञा दिँदै भारतले नेपालसँगको सम्बन्धलाई ठूलो प्राथमिकता दिएको बताएका छन् । पृष्ठ २ मा

## सकियो बिमस्टेक

बिमस्टेकको छैटौं शिखर सम्मेलन बैंकक सोचपत्र, २०३० जारी गर्दै शुक्रबार सम्पन्न भएको छ ।

यस क्षेत्रको व्यापार विस्तार, सम्पर्क संजाल र मानवीय सुरक्षालाई केन्द्रमा राखेर सम्मेलनले समृद्धि, लचिलोपन र खुलापनको नाराअन्तर्गत बिमस्टेक बैंकक भिजनसहित ६ बुँदे प्रस्ताव पारित गरेको हो । शिखर सम्मेलनमा प्रधानमन्त्री ओलीसहित सदस्य मुलुकका सरकार प्रमुखले सम्बोधन गरेका थिए ।

पारित प्रस्तावबारे जानकारी दिन आयोजक राष्ट्र थाइल्यान्डका प्रधानमन्त्री पेटोङ्टान सिनावात्राले बैंककमा पत्रकार सम्मेलन गरेकी थिइन् ।

प्रस्तावमा बिम्स्टेकलाई प्रभावकारी बनाउन कार्यमुखी संयन्त्र गठन, यसको भविष्य निर्धारणका लागि प्रबुद्ध व्यक्तिहरूको समूह (ईपीजी) गठन, म्यारिटाइम ट्रान्सपोर्ट सम्झौता, भूकम्पबाट प्रभावित म्यान्मार र थाइल्यान्डलाई सहयोग गर्ने विषयसहितको संयुक्त वक्तव्य, पर्यटन र संस्कृतिलाई प्राथमिकता दिँदै जनता-जनताको पृष्ठ २ मा

तीनकुने घटना

# मुख्य कमान्डर खोज्दै प्रहरी

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २२ चैत ।

गत १५ चैतमा काठमाडौंको तीनकुनेस्थित पूर्वराजा ज्ञानेन्द्र शाहका नाममा भएको हिंसात्मक आन्दोलनका मुख्य कमान्डर दुर्गा प्रसाईंलाई प्रहरीले विशेष खोजीको सूचीमा राखेको छ ।

नेपाल प्रहरीका महानिरीक्षक (आईजी) दीपक थापाले तीनकुने घटनाका मुख्य कमान्डर दुर्गा प्रसाईंलाई पक्राउ गर्नका लागि प्रहरी परिचालन भएको बताए ।

शुक्रबार प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा तीनकुने घटनाबारे ब्रिफिङ गर्दै महानिरीक्षक थापाले १५ गते नै आफूहरू रातभर प्रसाईंको खोजीमा लागेको बताए ।

'प्रसाईं स्टेप बाई स्टेप कदम चालेर भागेका देखिन्छ', ब्रिफिङमा थापाले भने, 'हामीले त्यही दिन पनि टेक्निकल्ली र म्यानुअल्ली रातभर हेऱ्यौं । प्रसाईंविरुद्ध पनि जाहेरी दर्ता भएर खोजी भइरहेको छ ।

उनका अनुसार सो घटनामा राज्यविरुद्धको अपराधमा २० जना र आपराधिक उपद्रवअन्तर्गत ५८ जनालाई मुद्दा चलाएको छ ।

तीनकुने, कोटेश्वर, जडीबुटी र सिनामंगल क्षेत्रमा भएको तोडफोड, आगजनी र हिंसात्मक घटनामा १४८ जना पक्राउ परेका थिए । तीमध्ये ८९ जनालाई आफन्त र परिवारको जिम्मामा छाडिएको उनले जानकारी दिए ।



> प्रसाईं स्टेप बाई स्टेप कदम चालेर भागेका देखिन्छ । हामीले त्यही दिन टेक्निकल्ली र म्यानुअल्ली रातभर हेऱ्यौं । प्रसाईंविरुद्ध पनि जाहेरी दर्ता भएर खोजी भइरहेको छ
>
> ■ **दीपक थापा**
> प्रहरी महानिरीक्षक

तर, आन्दोलनका मुख्य कमान्डर प्रसाईंले गाडी चलाएर प्रहरी सुरक्षा घेरा तोड्दै फरार भएका थिए । प्रदर्शनका क्रममा अगुवामध्ये दुर्गा प्रसाईं १५ चैत दिउँसो बा.प्र.०१-०२८च. ०२०१ नम्बरको गाडी हाँकी अश्लील शब्द प्रयोग पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा ९०३ प्रतिनिधि

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ चैत ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनका लागि ९०३ प्रतिनिधि दर्ता भएका छन् । संघको प्रतिनिधि व्यवस्थापन समितिका संयोजक तथा द्वितीय उपाध्यक्ष सञ्जु गुरुङले शुक्रबार कार्यालय समयभित्र माइन्युट र अन्य कागजपत्रसहित लेबी बुझाएका ९०३ प्रतिनिधिको नाम टुंगो लगाइएको मध्यान्ह दैनिकलाई जानकारी दिए ।

यो संख्या गत वर्षभन्दा २०० भन्दा बढी रहेको पनि उनले जानकारी दिए । सबै म्यानपावर कम्पनी कार्यालयमा सम्पर्क गरी संघमा प्रतिनिधि पठाउनुपर्ने विषयमा कतिपयलाई रहेको अन्योल अन्त्य गरेपछि संघमा प्रतिनिधिको संख्या बढेको उनको भनाइ छ ।

प्रतिनिधिको संख्या वृद्धिसँगै संघलाई आर्थिक रूपमा टेवासमेत मिलेको छ । संघको यसअघिको निर्वाचनमा ७०० प्रतिनिधि दर्ता भएका थिए । तीमध्ये ६४६ व्यवसायीले नयाँ नेतृत्वका लागि मतदान गरेका थिए ।

अध्यक्षमा निर्वाचित राजेन्द्र भण्डारीले १९९ मत ल्याएका थिए भने भुवनसिंह गुरुङले १५७, कुमुद खनालले १३१ मत र ईश्वर जीसीले १२८ मत पाएका थिए । यस पटक २ प्यानल मात्र रहेका र मतदाता प्रतिनिधि बढेका कारण विजयी हुने उम्मेदवारले मत संख्या बढाउनुपर्ने देखिएको छ ।

अघिल्लो निर्वाचनमा ९२ प्रतिशतभन्दा बढी मतदाताले मतदान पृष्ठ २ मा

## चोभारमा महिला व्यवसायीको वनभोज
## गेलाल र सापकोटाले जिते उपाधि



काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघको आयोजनामा राजधानीको चोभारमा बृहत् वनभोज कार्यक्रम सम्पन्न भएको छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३१औं साधारणसभा र नयाँ पृष्ठ २ मा

## राष्ट्रिय प्रजातान्त्रिक वैदेशिक रोजगार व्यवसायी संघ गेलालका पक्षमा

काठमाडौं/मस- राष्ट्रिय प्रजातान्त्रिक वैदेशिक रोजगार व्यवसायी संघले २९ चैतमा हुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कार्यसमितिको निर्वाचनमा नरेश गेलाल प्यानललाई विजयी गराउने सहमति गरेको छ ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावलले शुक्रबार मञ्च र राष्ट्रिय प्रजातान्त्रिक संघबीच गेलाल प्यानललाई विजयी गराउने सहमति भएको जानकारी दिए। पृष्ठ २ मा

# कुलमानलाई राजनीतिक मोह



> एउटा जिम्मेवार नागरिकको हैसियतबाट कुनै पनि जिम्मेवारी लिन म तयार छु
>
> ■ **कुलमान घिसिङ**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २२ चैत ।

राज्यका हरेक निकायमा रहेर सेवा गरेका सरकारी कर्मचारीहरू अजकाशपछि राजनीतिमा हामफाल्ने चलन नयाँ र नौलो होइन । निजामती कर्मचारी, प्रहरी, शिक्षकलगायत राज्यबाट बेतन लिएर सरकारी सेवामा रहँदा नाम चलेका व्यक्तिहरू अवकाशपछि अन्तत: राजनीतिमै आउने गरेका छन् ।

पूर्व प्रहरी अधिकृतहरू सर्वेन्द्र खनाल, नवराज सिलवाल, रमेश खरेल नाम चलेका प्रहरी अधिकृत हुन् । उनीहरू अवकाशलगत्तै पार्टी राजनीतिमा प्रवेश गरेका थिए ।

त्यस्तै, निजामती र शिक्षकबाट पनि थुप्रै व्यक्तिहरू राजनीतिमा आएका छन् । सोही अभ्यासलाई पछ्याउँदै नेपाल विद्युत् प्राधिकरणका निवर्तमान कार्यकारी निर्देशक कुलमान घिसिङले भविष्यमा राजनीतिमा लाग्ने संकेत गरेका छन् ।

कार्यकारी निर्देशक पदबाट बर्खास्तीमा परेपछि उनले शुक्रबार पहिलो पटक पत्रकार सम्मेलनमार्फत आफ्ना धारणा सार्वजनिक गर्दै यस्तो संकेत गरेका हुन् । उनलाई सरकारले ११ चैतमा जिम्मेवारीबाट हटाएको थियो ।

घिसिङले लोडसेडिङ हटाएर विद्युत् प्राधिकरणलाई नाफामा लगेका आमनागरिकमा चर्चा छ । सोही चर्चालाई बेचेर उनी राजनीतिमा आउने दाउमा छन् ।

राजनीतिमा आउने वा नआउने प्रस्ट नखुलाए पनि जिम्मेवारी आए पछि नहट्ने घिसिङले बताए । 'एउटा जिम्मेवार नागरिकको हैसियतबाट कुनै पनि जिम्मेवारी लिन म तयार छु', उनले भने ।

तपाईंलाई जनताले कहिले राजनीतिमा देख्न पाउँछन् ? भन्ने पत्रकारहरूको प्रश्नको जबाफमा उनले भने, 'मेरो प्रतिबद्धता सधैं जनताको सेवाप्रति समर्पित रहने छ । राष्ट्र निर्माणमा जहाँ मेरो पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com



# आगामी वर्षको बजेट विनियोजन प्रस्तावमाथि सांसदहरूको प्रश्न

**काठमाडौं/मस–** सांसदहरुले आगामी वर्षको बजेटको विनियोजन प्रस्तावमाथि नै प्रश्न उठाएका छन् ।

उनीहरुले आगामी आर्थिक वर्षको बजेटमा बढी महत्वकांक्षी लक्ष्य राखिएको भन्दै त्यसलाई गलत भएको बताएका हुन् ।

शुक्रबार बसेको अर्थ समितिको बैठकमा आगामी वर्षको बजेटका सन्दर्भमा बोल्दै पूर्वअर्थमन्त्री एवं कांग्रेस सांसद डा.प्रकाशशरण महतले आगामी वर्षको बजेटको विनियोजन प्रस्ताव नै ठिक नभएको बताए ।

आगामी आर्थिक वर्षको लागि राखिएको विनियोजन र पुँजीगत तर्फको लक्ष्यमा नै समस्या रहेको बताए । उनले बहुवर्षिय आयोजनाहरुका कारण दायित्व बढिरहेको भन्दै त्यसमा समेत सोच्नुपर्ने बेला आएको बताए ।

एमाले सांसद पदम गिरीले देशका समस्यालाई सम्बोधन गर्नेगरी बजेटमा कार्यक्रमहरु ल्याउन जरुरी रहेको बताए । उनका अनुसार ४ खर्ब बढी ऋणको सावाँ व्याज तिर्न खर्च गर्नुपर्ने अवस्था छ । यो बिडम्बनापूर्ण अवस्था भएको उनको भनाइ छ । विगतमा पुँजीगत बजेट छुट्टाइएका परियोजनाहरुको खर्चको स्थिति ६० प्रतिशत ननाघेको बताए । अर्कातर्फ विदेशबाट ऋण लिएर बनाएका परियोजनाहरुको प्रतिफलको हिसावले हेर्दा अनुत्पादनशील क्षेत्रमा गएको भन्दै आगामी वर्षको बजेट बनाउँदा ख्याल गरिनुपर्ने बताए ।



नेपाली कांग्रेसका सांसद एवं पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले पुँजीगत बजेट खर्च बढाउने कार्यक्रमसहित बजेट ल्याइनुपर्ने बताए । उनले आगामी बजेट कार्यान्वयनमुखी हुन जरुरी रहेको बताए ।

उनले भने, 'जबसम्म पुँजीगत बजेट खर्च हुँदैन, त्यतिन्जेल रोजगारी सिर्जना हुन सक्दैन । गरिबी निवारण कम गर्ने कुरा कागजमा मात्रै हुन्छ त्यसैले पुँजीगत बजेट खर्चलाई कसरी सुधार गरेर जाने त्यसबारे यो बजेटले ध्यान दिन जरुरी छ ।'

अर्थ समिति सभापति सन्तोष चालिसेले सही किसिमले बजेट नबन्दा माननीयहरुको क्षेत्रमा मानहानी हुन पुगेको बताए । उनले माननीयहरुलाई माननीयकै हैसियत बनाउनका लागि अर्थ मन्त्रालय गम्भीर हुनुपर्ने बताए ।

उनले भने,'माननीयज्यूहरुको क्षेत्रमा मानहानी हुन पुगेको छ । म त मेयर भएर आएको मान्छे पनि । वडाध्यक्षले १०/१० करोड प्रत्येक वर्ष खर्च गर्न पाउँछ । उनीहरुले आफ्नो नीति लगाउनसक्छ तर हामीले सकिरहेका छैनौं । यसमा अर्थ मन्त्रालयको ध्यान जाओस् ।'

राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले ठूला नेता र प्रधानमन्त्रीका जिल्लामा मात्रै बजेट केन्द्रित भएको भन्दै समान ढंगले बजेट वितरण गर्न आग्रह गरे । उनले वैदेशिक रोजगारीमा जाने संख्या बढेको भन्दै त्यसलाई सम्बोधन गर्न बजेटमार्फत कार्यक्रमहरु ल्याइनुपर्ने बताए ।

नेकपा एमाले सांसद जुलीकुमारी महतोले आवश्यकताका आधारमा बजेट ल्याइनुपर्ने बताइन् । उनले राष्ट्रिय गौरवका आयोजनाहरु कति दिनसम्म लम्बाउँदै जाने हो ? भन्दै प्रश्न समेत गरिन् । प्राथमिकता तय गरेर त्यस्ता आयोजनालाई स्रोत दिनुपर्ने र सकाउँदै लैजानुपर्ने बताइन् ।

उनले भनिन् 'अहिलेको आवश्यकता के हो त्यसमा ख्याल गरौं । अहिलेको जनतामा रहेको नैरश्यतालाई छ । खानेपानी, सिँचाइ, पर्यटन पाएको छैन, त्यो कुराहरुलाई नछुटाइ योजना छनोट गर्नुपछ ।'

नेकपा एमाले सांसद सूर्यबहादुर थापा क्षेत्रीले संघीय सरकारबाट बजेट छुट्टाइएको आयोजनामा श्रेयको होडबाजी चल्ने गरेको बताए । निर्वाचित जनप्रतिनिधिसँग जोडेर बजेट ल्याइनुपर्ने बताए ।

अर्थसचिव घनश्याम उपाध्यायले आगामी बजेटको सन्दर्भमा अर्थ मन्त्रालयले प्रभावकारी रुपमै काम अघि बढाएको बताए । उनले बजेट लोकप्रियताका हिसावले ल्याउने की आर्थिक अनुशासनमा जानेबारे समितिको निर्देशन मान्न आफूहरु तयार रहेको बताए । अर्थमन्त्रालय बजेट महाशाखाका प्रमुख श्रीकृष्ण नेपालले आगामी बजेटमा अनिवार्य दायित्व, बहुवर्षिय आयोजनाहरुलाई स्रोत सुनिश्चित गरिने बताए । उनका अनुसार वैदेशिक सहायतामा संचालित आयोजनाको खर्च क्षमता पनि हेरिनेछ । नेपालका अनुसार यी आयोजनालाई स्रोत सुनिश्चित गराएर मात्रै सरकारका नीति तथा कार्यक्रमहरुमा आउने कार्यक्रमलाई बजेट छुट्याइनेछ ।

# एओटीएस जापानको योगदान महत्त्वपूर्ण : मन्त्री भण्डारी

**पाटन/रासस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले नेपालमा मानव संसाधन विकासका लागि एसोसिएसन फर ओभरसिज टेक्निकल कोअपरेसन एन्ड सस्टेनेबल पार्टनरसिप (एओटीएस) जापानको योगदान महत्त्वपूर्ण रहेको बताएका छन् ।

एओटीएस जापान नेपाल एलुम्नाई सोसाइटीको आयोजनामा शुक्रबार भएको साउथ एसियन फेडरेसन अफ एओटीएस एलुम्नाई सोसाइटी फेडेरेसनको १४औं अधिवेशनको उद्घाटन सत्रमा उनले नेपालमा मानव संसाधन विकासका साथै जनशक्तिको गुणस्तर, व्यवस्थापन, प्रविधि तथा औद्योगिक विकासका क्षेत्रमा एओटीएस जापानले विगत ३४ वर्षदेखि स्वयंसेवी रूपमा योगदान दिँदै आएको भन्दै प्रशंसा गरे ।

'नेपालको मानव संसाधन विकासलाई जापान तथा दक्षिण एसियाली मुलुकहरूसँग द्विपक्षीय तथा क्षेत्रीय सहयोगमार्फत प्रवर्द्धन गर्ने एओटीएस तथा यसका एलुम्नाईहरूको समर्पण, सामूहिक भावना तथा दृढ इच्छाशक्ति अत्यन्त प्रशंसनीय रहेको छ । यस सम्मेलनमा महत्त्वपूर्ण विषयमा गरिने छलफलहरू उपलब्धिमूलक हुने छन्', उनले भने ।

मन्त्री भण्डारीले नेपालमा एओटीएसको निरन्तर सक्रियता तथा यसको योगदानले नेपालको औद्योगिक विकास, व्यवस्थापन तथा प्रविधिगत नवप्रवर्तनमा दीर्घकालीन प्रभाव पार्ने विश्वास व्यक्त गरे । उनले सम्मेलनका माध्यमबाट दक्षिण एसियाली मुलुकहरूबीच आपसी समझदारी, प्रविधि आदानप्रदान तथा व्यावसायिक अवसरहरू सिर्जना गर्नेसमेत बताए ।

नेपाल एओटीएस एल्मुनाई सोसाइटीका अध्यक्ष किशोरभक्त माथेमाले यस सम्मेलनले नेपाललाई अन्तर ाष्ट्रिय मञ्चमा मानव संसाधन विकासका क्षेत्रमा अग्रसर राष्ट्रका रूपमा स्थापित गर्ने अपेक्षा गरिएको बताए ।

शनिबारसम्म संचालन हुने अधिवेशनमा बंगलादेश, भारत, जापान, नेपाल र श्रीलंकाका एलुम्नाई सोसाइटीका ५० भन्दा बढी प्रतिनिधि तथा सहभागीहरूको उपस्थिति छ ।

## ८६ दिनपछि...

पूर्वडीआईजी छविलाल जोशीलाई पनि थुनामा पठाउने आदेश गरेको छ ।

न्यायाधीशहरू रमेश ढकाल र स्विकृती पराजुलीको इजलासले जिल्ला अदालत रुपन्देहीको आदेश सदर गर्दै लामिछाने र जोशीलाई छविलाई थुनामा पठाउने आदेश गरेको हो । लामिछाने २ कातिक २०८१ मा पक्राउ परेका थिए । उनी बुटवलको सुप्रिम सहकार ीसहित विभिन्न जिल्लाका पाँच वटा सहकारी ठगीमा आरोपित छन् ।

बुटवलको सुप्रिम सहकारीका बचतकर्ताको एक अर्ब बढी रकम ठगेको भन्दै प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालयमा निवेदन परेको थियो । निवेदनमा सहकारी संस्थाका संचालक र पदाधिकारीलाई नियमानुसार कारबाहीको माग गरिएको थियो । यही निवेदनमाथिको अनुसन्धानका क्रममा लामिछाने पक्राउ परेका थिए । अन्य सहकारी ठगी समेतसँग र संगठित अपराध तथा सम्पति शुद्धिकरणको कसूरमा अनुसन्धानमा परेर लामिछाने ८४ दिनको हिरासत बसाइपछि धरौटीमा रिहा भएका थिए । तर, उच्च अदालतबाट पुनः थुनामा पठाउने आदेश भएको हो ।

उचच अदालतको आदेश आएसँगै सम्बन्धित जिल्ला अदालतमार्फत् कार्यान्वयन हुन्छ । थुनामा पठाउने आदेश भएपछि सम्बन्धित व्यक्ति आफै अदालतमा आएर आत्मसमर्पण गर्ने र थुनामा जाने अभ्यास छ । अदालतको आदेश बमोजिम प्रहरी परिचालन गरेर आरोपितलाई पक्राउ गर्ने अभ्यास पनि छ । उच्च अदालत बुटवलका अनुसार आदेशमा के लेखिएको छ, त्यो हेरेर पक्राउ गर्ने वा नगर्ने भन्ने हुन्छ । लामिछानेलाई उच्च अदालतको आदेशविरुद्ध सर्वोच्च अदालत जाने सुविधा पनि बाँकी छ ।

सभापति लामिछानेलाई थुनामा पठाउने अदालतको आदेशपछि आगामी रणनीतिबारे योजना बनाउना रास्वापा नेताहरु आन्तरिक छलफलमा जुटेका छन् । काठमाडौंमा उपलब्ध नेताहरू छलफलमा जुटेका हुन । अबको रणनीतिबारे योजना बनाउनेगरी नेताहरू आन्तरिक छलफलमा जुटेका हुन् । रास्वपाले शनिबार चितवनमा जनयात्रा शुभारम्भ कार्यक्रम राखेको छ । सभापति लामिछानेले उक्त सभालाई सम्बोधन गर्ने तय भएको थियो । उक्त यात्राको शुभारम्भ अगाडि नै लामिछानेलाई थुनामा पठाउने आदेश भएपछि रास्वपाका नेताहरू आन्तरिक छलफलमा जुटेका हुन् ।

लमिछानेविरुद्ध बुटवलको सुप्रिम सहकारीको जस्तै अन्यत्र पनि मुद्दा छ । सुप्रिम सहकारीबाट गोर्खा मिडियामा गैरकानुनी रूपमा गएको पैसा खर्च गर्ने भूमिकामा संलग्न रहेको भन्दै प्रतिवादी बनाइएको थियो । यो मुद्दामा जिल्ला अदालत रुपन्देहीले लामिछानेसँग एक करोड रुपैयाँ धरौटी मागेको थियो । त्यसविरुद्ध लामिछाने र सरकारी वकिल दुवै उच्च अदालत पुगेका थिए । लामिछानेले सहभागी ठगीमा आफ्नो कुनै संलग्नता नरहेको बताउँदै आएका छन् । गोर्खा मिडियाको प्रबन्ध निर्देशकका रूपमा चेक काटेकै आधारमा आफूलाई प्रतिवादी बनाइएकाले साधारण तारेखमा छाड्नुपर्ने उनको दाबी थियो । तर, उच्च अदालतले थुनामै पठाउने आदेश दिएको छ ।

जिल्ला अदालत काठमाडौं, चितवन र कास्कीले पनि लामिछानेलाई धरौटीमा छाड्न आदेश दिएको छ । यी आदेशविरुद्ध पनि उच्च अदालतमा सुनुवाइ विचाराधीन छ । रास्वपाका नेताहरूका अनुसार रास्वपाले शनिबारदेखि सुरु गर्न लागेको जनयात्रा अभियानको सन्दर्भमा समेत रास्वपाका नेताहरू आन्तरिक छलफलमा जुटेका हुन ।

पक्राउ पर्नु अगाडि लामिछानेले सामाजिक संजालमा लेखेका थिए, 'सम्मानित अदालतको आदेशको सम्मान गर्दै म आफैं आजै अहिले नै गिरफ्तारी दिँदै छु । साथै, न्यायालयका अन्य ढोकाहरू मेरा लागि खुल्ला होलान् नै । न्यायका लागि दुनियाँका सबै ढोका ढकढक्याउँछु ।'

उनले आफूमाथि ठूलो अन्याय भएको भन्दै चितवनको सभा नरोक्न आग्रह पनि गरेका छन् ।

लामिछाने यही सातादेखि पार्टीको मुख्य जिम्मेवारीमा फर्किएका थिए । तर, शुक्रबार उच्च अदालतले लामिछानेलाई पुनः थुनामा पठाउने आदेश गरेको हो ।

लामिछाने यही साताबाट पार्टीको मुख्य जिम्मेवारीमा फर्किएका थिए । तर, शुक्रबार उच्च अदालतले लामिछानेलाई पुनः थुनामा पठाउने आदेश गरेको हो ।

## मोदीले ...

तथा विकास परियोजनालगायतका द्विपक्षीय सहयोगका विषयमा विस्तृत छलफल भएको नेपालको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ ।

भारतीय प्रधानमन्त्री मोदीलाई भेट्न ओली उनी बसेको ओरियन्टल होटल गएका थिए, जहाँ दुवै नेताहरूले झण्डै ४० मिनेट वन-टु-वन भेटवार्ता गरेका थिए । भेटलाई दुवै देशका प्रधानमन्त्रीहरूले सौहार्दपूर्ण भएको प्रतिक्रिया दिएका छन् ।

भेटमा ओलीले मोदीलाई आगामी जेठ महिनामा हुने सगरमाथा संवादका लागि निम्तो दिए । सरकारले पहिलो सगरमाथा संवादको प्रमुख अतिथि मोदीलाई बनाउने तयारी गरिरहेको छ ।

यसअघि दुवै प्रधानमन्त्रीहरूले संयुक्त राष्ट्रसंघको ७९औं महासभाका क्रममा गत ७ असोजमा भेटवार्ता गरेका थिए । तर, उक्त भेटघाट सौहार्दपूर्ण नरहेको बताइन्छ ।

पछिल्लो समय नेपाल-भारत सम्बन्ध चिसो भएका बेला ओली-मोदी भेटलाई निकै अर्थपूर्ण मानिएको छ । बैंककमा २ नेताबीच भएको औपचारिक यसअघिका भेटभन्दा विशेष रहेको बैंककस्थित परराष्ट्र मन्त्रालयका अधिकारीहरूले बताएका छन् ।

परराष्ट्र मामिलाका जानकारहरू यसबाट २ प्रधानमन्त्रीको भेटपछि संवादहीनता टुटेको र आशंका पनि मेटिएको बताउँछन् ।

३१ असारमा ओली प्रधानमन्त्री बनेयता २ देशबीचको सम्बन्धमा न्यायोपना आउन सकेको छैन । प्रधानमन्त्री बनेको झण्डै ९ महिनासम्म ओलीद्वारा भारतको औपचारिक भ्रमण हुन सकेको छैन ।

## नेपाली...

मोदीलाई समाजिक संजाल एक्समा मेन्सन गर्दै ओलीले हिन्दीमा लेखेका छन्, 'मेरा प्रिय मित्र, प्रधानमन्त्री नरेन्द्र मोदीजीसँग आत्मीय र सौहार्दपूर्ण भेट भयो । हाम्रो वार्ता अत्यन्त सार्थक र सकारात्मक रह्यो । यस आत्मीय भेटवार्ताप्रति म खुसी व्यक्त गर्दछु ।'

ओलीसँगको भेटपछि मोदीले पनि ओलीलाई मेन्सन गर्दै समाजिक संजाल एक्समा भेट फलदायी रहेको लेखेका छन् । 'बैंककमा प्रधानमन्त्री केपी शर्मा ओलीसँगको भेटघाट फलदायी रह्यो । भारतले नेपालसँगको सम्बन्धलाई ठूलो प्राथमिकता दिएको छ । हामीले भारत-नेपाल मित्रताका विभिन्न पक्षहरू विशेषगरी ऊर्जा, कनेक्टिभिटी, संस्कृति र डिजिटल प्रविधि जस्ता क्षेत्रहरूमा छलफल गर्‍यौं', मोदीले लेखेका छन्, 'हामीले यस वर्षको बिमस्टेक शिखर सम्मेलनबाट प्राप्त केही प्रमुख सकारात्मक परिणामहरू विशेषगरी विपद् व्यवस्थापन र समुद्री यातायातका क्षेत्रहरूमा पनि कुरा गर्‍यौं ।'

जानकारहरूका अनुसार कूटनीतिक मामिलामा सम्बन्धित देशको भाषामा सन्देश लेख्नु अर्थपूर्ण मानिन्छ ।

भेटपछि भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले ओली र मोदीको भेटलाई ऐतिहासिक र सभ्यताको सम्बन्धको बलियो जगमा आधारित मित्रता भनेका छन् ।

नेकपा एमालेका महासचिव शंकर पोखरेलले ओली र मोदीको भेटले मित्रतालाई थप मजबुत बनाउन सहयोग पुग्ने जनाएका छन् ।

'दृढ र अविचलित हुँदा पनि सम्बन्धलाई सुधार गर्न सकिन्छ र मित्रतालाई थप मजबुत बनाउन सकिन्छ भन्ने दृष्टान्त हो- नेपाल र भारतका प्रधामन्त्रीबीचको संवाद र संवादपछिको दुवै देशका प्रधानमन्त्रीहरूको सकारात्मक र उत्साहप्रद प्रतिक्रिया', पोखरेलले फेसबुकमा लेखेका छन् ।

### आपसी सम्मान र हितले सम्बन्ध मजबुत

भारतीय न्युज एजेन्सी एएनआईका अनुसार नेपालका प्रधानमन्त्री ओलीले नेपाल-भारतबीचको सम्बन्ध मजबुत बनाउनुपर्ने बताएका छन् । मोदीसँग साइडलाइन भेटपछि प्रधानमन्त्री ओलीले आपसी सम्मान र हितमा आधारित सम्बन्धलाई मजबुत राख्नुपर्ने बताएको एएनआईले उल्लेख गरेको छ ।

प्रधानमन्त्री ओलीले भारतको निरन्तर सहयोगप्रति समकक्षी मोदीलाई धन्यवाद दिएको र भारतको निरन्तर सहयोगप्रति धन्यवाद ज्ञापन गर्दै आपसी सम्मान र हितमा आधारित सम्बन्धलाई मजबुत राख्न आवश्यक रहेको बताएको एएनआईले उल्लेख गरेको छ ।

प्रधानमन्त्री ओली र मोदीबीच साइडलाइन वार्ताका लागि परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले विशेष पहल गरेकी थिइन् । उनले भारतीय समकक्षी एस जयशंकरसँग पहल गरेपछि ओली र मोदीबीचको भेट सम्भव भएको हो ।

### मोदी नेपाल आउने विश्वास

परराष्ट्रमन्त्री राणाले यसअघि नै भारतीय प्रधानमन्त्री मोदीलाई सगरमाथा संवादको प्रमुख अतिथिको निमन्त्रणा दिइसकेकी थिइन् । चैत पहिलो साता नयाँ दिल्ली भ्रमणका क्रममा उनले भारतीय विदेशमन्त्री जयशंकरमार्फत उक्त निमन्त्रणा दिएकी थिइन् । यद्यपि, त्यसबेला भारतीय पक्षले मोदी आउने/नआउने विषयमा कन्फर्मेसन दिएको थिएन ।

बैंककको बैठकले २ पक्षबीचको सम्बन्ध सौहार्दपूर्ण बनेपछि सगरमाथा संवादमा मोदीको भ्रमण हुन सक्ने विश्वास नेपाली अधिकारीहरूको छ ।

प्रधानमन्त्री ओलीको निमन्त्रणालाई मोदीले विशेष चासो दिएको परराष्ट्रका अधिकारीको भनाइ छ । 'भारतीय प्रधानमन्त्रीले सगरमाथा संवाद कार्यक्रमका विषयमा विशेष चासो लिनुभएको छ । उहाँले आउने कन्फर्मेसन नदिए पनि त्यस विषयमा आफू गम्भीर रहेको बताउनुभएको छ', ती उच्च अधिकारीले भने ।

## सकियो...

सम्पर्क विस्तारका विषयहरू छन् ।

पत्रकार सम्मेलनमा थाई प्रधानमन्त्री सिनावात्राले शिखर सम्मेलनको सम्मुखमा नेपालका प्रधानमन्त्री ओलीले पहिलो औपचारिक थाइल्यान्डको भ्रमण गरेर २ देशबीचको सम्बन्धमा नयाँ आयाम थपिएको बताइन् ।

भ्रमणका क्रममा नेपाल र थाइल्यान्डबीच २ सरकारी तथा निजी तहमा ८ वटा सम्झौता एवं समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

प्रधानमन्त्री ओली र थाइल्यान्डकी प्रधानमन्त्री सिनावात्राबीच २ पक्षीय प्रतिनिधिमण्डलस्तरको बैठकका क्रममा बिहीबार सम्झौता भएका हुन् ।

## मुख्य

गर्दै, भीडलाई उत्तेजित बनाउँदै सुरक्षाकर्मीलाई किच्ने नियतका साथ सुरक्षा घेरा तोडेको प्रहरी प्रशासनको भनाइ छ ।

प्रसाईंले बलपूर्वक सुरक्षा ब्यारिकेडमाथि गाडी हाँकेपछि माहोल बिग्रिन पुगेको निष्कर्ष प्रहरीको छ । फरार भएको २ दिनपछि प्रसाईं काठमाडौंको कुनै मन्दिरमा रहेको भन्दै भिडियो सन्देश सार्वजनिक गरेका थिए ।

प्रहरीले प्रसाईंको खोजी तीव्र बनाएको दाबी गरे पनि सुरुको अवस्थामा प्रहरीकै लापरबाहीले उनी भाग्न सफल भएको कतिपय सुरक्षा विज्ञहरूले टिप्पणी गरेका छन् । प्रसाईंलाई प्रहरीले त्यही दिन पक्राउ गर्न चाहेको भए सम्भव हुने पूर्व प्रहरी अधिकृतहरू बताउँछन् ।

यद्यपि, थापाले भने, 'मूल समात्नका लागि गृहमन्त्रीज्यूसँगको सहकार्यमा कुन कसुरमा हो भनेर हेर्दै छौं । जो मान्छे आपराधिक कार्य गर्छ, उसले गिरफ्तारी दिँदैन ।'

प्रसाईंलाई कति दिनमा समात्न सकिन्छ भन्ने यकिन नभएको उनको भनाइ छ । 'जुन पक्राउ हुन्छ, हामी समात्छौं अनि कानुनी दायरामा लैजान्छौं', थापाले भने । महानिरीक्षक थापाले म्याद नाघेको अश्रुग्यास प्रहार नभएको दाबी गरेका छन् ।

समितिका सभापति रामहरि खतिवडाले म्याद नाघेका अश्रुग्यास प्रहार भयो भन्ने आएको छ नि ? भनेर सोधेका थिए । जबाफमा थापाले भने, 'म्याद नाघेका अश्रुग्यास प्रहार भयो भन्ने सन्दर्भ कसरी आयो, मलाई थाहा भएन । म्याद नाघेका प्रयोग गरेका छैनौं । म्याद नाघेका अश्रुग्यास नष्ट गर्ने गरिएको छ । हामीसँग मौज्दातमा रहेको मात्र प्रयोग गरिएको हो ।'

त्यस्तै, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्यालले तीनकुनेमा भएको हिंसात्मक प्रदर्शन नियन्त्रणमा लिन न्यून क्षति हुनेगरी आवश्यकताका आधारमा बल प्रयोग गरिएको बताएका थिए । अर्यालले सुरक्षाकर्मीबाट ग्यास गन लुटिएको, संचार सेट लुटिएको, एम्बुलेन्स र दमकलमाथिसमेत प्रहार भएको अवस्थामा न्यून बल प्रयोग मात्र गरिएको दाबी गरेका छन् ।

### राज्य व्यवस्था समितिको ५ बुँदे निर्देशन

राज्य व्यवस्था तथा सुशासन समितिले १५ चैतमा भएको राजावादी प्रदर्शनलाई लिएर ५ बुँदे निर्देशन दिएको छ । गृहमन्त्री रमेश लेखकसमेत उपस्थित भएको समितिको बैठकले प्रदर्शनका नाममा घटाएको हिंसात्मक घटनाको भर्त्सना गर्दै खेद प्रकट गरेको छ ।

उक्त घटनाका दोषीहरू उपर आवश्यक छानबिन गरी कानुनी कारबाही गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई बैठकले निर्देशन गरेको समितिका सभापति खतिवडाले जानकारी दिए ।

सो घटनाको सत्यतथ्य छानबिन गरी प्रत्यक्ष र अप्रत्यक्ष रूपमा संलग्न व्यक्तिहरूमाथि आवश्यक छानबिन र कानुनी कार्यवाही अघि बढाउनसमेत निर्देशन दिएको खतिवडाले बताए ।

त्यस्तै, बैठकले तीनकुने र आसपासको स्थानमा अब आइन्दा कुनै पनि प्रकारका सभा, विरोध प्रदर्शन, धर्ना आदि कार्यक्रम गर्न अनुमति नदिन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई निर्देशन गरेको छ ।

आगामी दिनमा यस्ता खालका हिंसात्मक घटनाहरू दोहोरिनबाट रोक्न एवं संविधान, कानुन तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाको रक्षार्थ गम्भीरताका साथ अघि बढ्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई निर्देश गरेको छ ।

समितिको बैठकले नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई साधन, स्रोत सम्पन्न बनाउन आवश्यक बजेटको व्यवस्थापन गर्नसमेत सरकारलाई निर्देशन दिएको हो ।

## नेपाल...

गरेका थिए । यस पटक सोही आधारमा मतदान भएमा ८२६ बढीले मतदान गर्ने छन् । मत बदर नभएका अवस्थामा अध्यक्षमा विजय हुन ४०० बढी मत ल्याउनुपर्ने आँकलन गरिएको छ ।

## गेलाल...

कार्यसमितिको निर्वाचनको पूर्वसन्ध्यामा भएको वनभोजमा उल्लेख्य मात्रामा व्यवसायीसहित विभिन्न पदमा उम्मेदवारी सार्वजनिक गरेका व्यवसायी पुगेका थिए ।

वनभोज कार्यक्रममा गीत र सांगीतिक प्रस्तुति रहेका थिए । संघले वनभोज कार्यक्रम मनोरञ्जनपूर्ण बनाउन घैंटो फुटाउने कार्यक्रम राखेको थियो ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनमा अध्यक्ष पदका २ प्रत्यासी भुवनसिंह गुरुङ र नरेश गेलालका बीचमा भएको घैंटो फुटाउने प्रतिस्पर्धामा गेलालले घैंटो फुटाएर उपाधि जिते भने म्युजिकल चेयरको प्रतिस्पर्धा गुरुङ प्यानलबाट कार्यसमिति पदका उम्मेदवार युनिभर्सल एचआर सोलुसन प्रा.लि.का संचालक भरत सापकोटाले जिते ।

संघकी अध्यक्ष प्रतिमा महर्जनले म्यानपावर कम्पनी कर्मचारी परिवार र व्यवसायीबीच आपसी एकता तथा भाइचाराको सम्बन्ध र भावना बलियो बनाउने उद्देश्यले वनभोज कार्यक्रम राखिएको जानकारी दिइन् ।

उनले वनभोज कार्यक्रमले कला, संस्कृतिको संरक्षण व्यवसायीलाई तनावमुक्त भई रचनात्मक एवं सिर्जनात्मक कार्यमा अग्रसर हुने प्रेरणा मिल्ने भन्दै निमन्त्रणा स्वीकार गरी सहभागी भएकामा सबैप्रति आभार प्रकट गरिन् ।

## राष्ट्रिय...

यसअघि राष्ट्रिय प्रजातान्त्रिक संघले कुनै पनि पक्षमा नलाग्ने बताएको थियो । तर, शुक्रबारको छलफलपछि संघ गेलाल प्यानलका पक्षमा मतदान गर्न सहमत भएको हो ।

मञ्चको प्यानल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको असन्तुष्ट पक्ष र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनले तालमेल गरेर उम्मेदवारी सार्वजनिक गरेका छन् ।

## कुलमानलाई..

आवश्यकता पर्छ, त्यहाँ योगदान दिन म सदैव तयार छु ।'

आगामी दिनमा यस्ता प्रहार आफूमाथि भइरहन सक्ने बताउँदै उनले त्यसबारे सतर्क र सजग रहेको बताए ।

घिसिङले आफ्नो कार्यकालमा लोडसेडिङ अन्त्य, विद्युत् चुहावट नियन्त्रण, विद्युतीकरण र संस्थागत सुदृढीकरणमा उल्लेख्य प्रगति भएको दाबी गरे । आर्थिक वर्ष २०७२/०७३ सम्म प्राधिकरणको सञ्चित घाटा करिब ३५ अर्ब रुपैयाँ रहेको र सोही आ. व.को मात्र घाटा करिब ९ अर्ब रुपैयाँ रहेकामा आ. व. २०७३/०७४ बाट निरन्तर नाफामा ल्याई सञ्चित घाटा पूर्ति गरी आ. व. २०८०/०८१ सम्ममा सञ्चित नाफा करिब ४७ अर्ब रुपैयाँ पुगेको उनले बताए ।

आ. व. २०७२/०७३ मा प्राधिकरणको कुल सम्पत्ति करिब २११ अर्ब रुपैयाँ रहेकामा हाल करिब ६४४ अर्ब रुपैयाँ पुगेको छ । यो नाफा महसुल वृद्धि गरेर भएको नभई बरु यस अवधिमा पटक-पटक गरी ३ पटकमा करिब २५ प्रतिशत महसुल घटाउँदा पनि भएको नाफा हो ।

प्राधिकरणले स्थापनाकालदेखि नेपाल सरकारलाई विभिन्न शीर्षकमा आ. व. २०७२/०७३ सम्म ३२ वर्षमा करिब २६ अर्ब रुपैयाँ भुक्तानी गरेकामा पछिल्लो ८ वर्षमा साँवा, ब्याज, कर तथा रोयल्टीसमेत गरी कुल ८२ अर्ब रुपैयाँ भुक्तानी गरेको छ ।

पछिल्लो ८ वर्षमा प्राधिकरणले मात्र करिब १ खर्ब रुपैयाँ उत्पादन, प्रसारण र वितरण संरचनामा लगानी गरेको छ भने सहायक र सम्बद्ध कम्पनीमा करिब ५७ अर्ब रुपैयाँ लगानी गरेको घिसिङले जानकारी दिए ।

**जगेडामा रहेको साधारण शेयर बिक्री गर्ने सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८१/१२/२३**

यस ओभरसिज नेपालिज इन्भेष्टमेन्ट कम्पनी लिमिटेड (प.लि.दर्ता नं. १५३६४४/०७३/०७४) को प्रवन्धपत्रको दफा ६ (ख) बमोजिम जगेडामा रहेको शेयर मध्येबाट १०,०६,९१९ (दश लाख छ हजार नौ सय उन्नाइस) कित्ता शेयर हाल कायम रहेका शेयरधनीहरुलाई रु. १०० प्रतिकित्ताका दरले बिक्री गर्ने निर्णय भए बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र इच्छुक शेयरधनी महानुभावहरुले शेयर खरिद फारम नागरिकता र बैंकमा रकम जम्मा गरेको भौचर सहित निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हाल कायम रहेका महानुभावहरुबाट आंशिक वा पूर्ण रुपमा शेयर खरिदका लागि आवेदन प्राप्त नभएमा अन्य इच्छुक व्यक्ति तथा संस्थाहरुलाई शेयर बिक्री गरिने समेत जानकारी गराइन्छ ।

Overseas Nepalese Investment Co.Ltd.
**ओभरसिज नेपालिज इन्भेष्टमेन्ट कम्पनी लिमिटेड**
काठमाण्डौं - २९, अनामनगर
फोन नं. ०१४३३००३७/०१५९०३८९२

# हिरासतमा के गर्दैछन् मिश्र र राणा ?

**काठमाडौं/मस-** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवलशमशेर राणा एक सातादेखि जिल्ला प्रहरी परिसर, काठमाडौंको हिरासतमा छन् ।

१५ चैतमा तीनकुने घटनापछि पक्राउ परेका उनीहरूलाई प्रहरीले २ पटक म्याद थपेर हिरासतमा राखिरहेको हो । सुरुमा अरु कैदीकै हैसियतमा राखिएका उनीहरूलाई अहिले अलग्गै राखिएका छन् ।

खान र बस्नका लागि समस्या नभएको उनीहरूले बताएका छन् । तर, मिडियासँग टाढा राखिएको उनीहरूको गुनासो छ ।

‘खान-बस्नका लागि समस्या छैन । तर, मिडियासँग जोडिन भने दिइएको



छैन,’ उनीहरूलाई उद्धृत गर्दै शुक्रबार हिरासतमा भेट्न गएका मानव अधिकारकर्मी चरण प्रसाईंले भने ।

उनीहरूलाई पत्रिका पढ्न दिइएको भए पनि मोबाइल तथा ल्यापटपलगायतका ग्याजेट प्रयोग गर्न दिइएको छैन । ‘उहाँहरूले पत्रिका मगाएर पढिरहनु भएको छ । तर, मोबाइल प्रयोग गर्न दिइएको छैन’ प्रसाईंले भने, ‘उहाँहरूले मोबाइल खेलाउन पाएनौं, मिडियासँग प्रत्यक्ष जोडिन पाएनौं भनेर गुनासो गर्नुभयो ।’

यस्तै उनीहरूले आफूविरुद्ध राज्यले प्रतिशोध साँधेको पनि गुनासो गरेका छन् । प्रदर्शनमा राज्यले नै पहिले अत्याचार गरेको र आफूहरूले त्यसलाई रोक्न मात्रै खोजेको भनाइ उनीहरूको रहको प्रसाईंले बताए ।

‘त्यहाँ हामीले कोही-कसैलाई कुनै निर्देशन पनि दिएका थिएनौं । पहिले राज्यकै तर्फबाट अत्याचार सुरु गरियो । त्यसलाई रोक्न मात्रै खोजेका थियौं । तर, आज हामीमाथि जसरी राज्यद्रोहलगायतका मुद्दा चलाउन खोजिँदैछ, त्यो एकदमै अन्यायपूर्ण छ,’ उनीहरूको भनाइ उद्धृत गर्दै प्रसाईंले भने ।

उनीहरूको स्वास्थ्य अवस्था भने सामान्य नै रहेको प्रसाईंले जानकारी दिए ।

# २ महिना भित्रै दुवै आयोग बन्छ : दाहाल

**बर्दिया/मस-** नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग २ महिनाभित्रै बन्ने बताएका छन् ।

हुलाकी राजमार्ग केन्द्रित जनतासँग माओवादी तराई-मधेस जागरण अभियानअन्तर्गत शुक्रबार बर्दियाको मधुवन नगरपालिकामा आयोजित खबरदारी सभामा उनल भने, ‘मैरै नेतृत्वको सरकारले शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउनका लागि विधेयक पारित गरेको थियो । प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट मैले



आफैंले कार्यदल बनाई राजनीतिक सहमति बनाएर दुबै सदनबाट त्यो पारित भएको छ र अब सत्य निरूपणसँग सम्बन्धित आयोग र बेपत्ता नागरिकसँग सम्बन्धित आयोग छिट्टै बन्दैछन् । उनले आयोग गठन गर्न सिफारिस समिति पनि बनिसकेकाले अब २ महिनाभित्रै आयोग बन्ने बताए । आयोग बनेपछि शहीद, बेपत्ता, घाइते, अपाङ्ग तथा जेलनेल बसेका सबै साथीहरूलाई राहत हुने उनको भनाइ छ ।

# राजनीतिक वृत्तमा पनि मेहनतको खाँचो : सांसद महत



**काठमाडौं/मस-** नेपाली कांग्रेसका सांसद एवं पूर्वअर्थमन्त्री डा.प्रकाशशरण महतले मेहनतबाट नै देश निर्माण हुने बताएका छन् ।

शुक्रबार काठमाडौंमा नेपाल वित्तीय संस्था कर्मचारी संघको ३५ औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले राजनीतिक वृत्तमा पनि मेहनतको खाँचो रहेको उल्लेख गरे । उनले सरकारी तथा गैरसरकारी क्षेत्रमा पनि इमान्दारिता र मेहनतको खाँचो रहेको बताए । उनले सत्तामा रहे पनि वा नरहे पनि नेपाली काँग्रेस सहीलाई सही र गलतलाई गलत भन्ने बताए । सजिलो हुँदा अघि बढ्ने र असहज हुँदा पन्छिने नयाँ राजनीतिक दलहरुबाट अधिकारको रक्षा हुन नसक्ने जिकिर गरे । उनले भएका कमी, कमजोरीप्रति नागरिकले खबरदारी गर्ने र जनताको खबरदारीलाई नसुने पराजित हुनुपर्ने बताए ।

‘मेहनतबाट नै देश निर्माण हुन्छ । पोल्टिकल तहमा पनि मेहनतको थप खाँचो छ । अनेस्टीको थप खाँचो छ । गैरसरकारी क्षेत्र, जुन निजी क्षेत्र छ, त्यहाँ पनि हार्ड वर्किङ र अनेस्टीको खाँचो छ । जहाँ हामी काम गर्छौं त्यो मेरो काम हो भनेर गर्नुपर्छ । हार्ड वर्क पनि गरौं, अधिकारको बारेमा पनि खबरदारी गरौं’ सांसद महतले भने,‘नेपाली काँग्रेस पार्टी जायज कुरलाई जायज भन्छ, सत्ता बाहिर भएपनि र सत्ताभित्र भएपनि । बोल्नुपर्ने कुरामा बोल्छ । अब जुन कुरा लाग्छ, त्यसमा विचार गर्नुपर्छ पनि भन्छ । हामी जिम्मेवार पार्टी हौं । नयाँ पुराना जसको कुरा गर्नुस् । नेपाली काँग्रेसको अनुभव, प्रतिवद्धता जुन छ, अफठ्यारो जस्तो अवस्थामा पनि अडिग रहन्छ । अफठयारो पर्दा कहाँ हो कहाँ र सहज भए अघि आउने पार्टीहरुले अधिकारको रक्षा गर्न सक्दैनन् । कमी, कमजोरी हुन्छन् । तर डेमोक्रेसीमा जनताले खबरदारी गर्दछन् । खबरदारी सुनेन भने पराजित हुनुपर्छ । त्यही नै डेमोक्रेसीको सुन्दरता हो ।’

नेपाली कांग्रेसका प्रवक्ता समेत रहेका सांसद महतले वित्तीय संस्था सम्बन्धी जोडिएका विषयहरुमा पनि गम्भीरताका साथ हेरिरहेको बताए । वित्तीय संस्था कर्मचारी संघले अधिकार र जिम्मेवारीलाई सँगै लिएर अघि बढ्नुपर्ने उल्लेख गरे । जनताको महत्वकांक्षाअनुसार सुविधा प्रदान गर्न सक्नुपर्ने बताए ।

# तीनकुनेमा प्रदर्शन र सभा गर्न नदिन संसदीय समितिको निर्देशन



**काठमाडौं/मस-** प्रतिनिधि सभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले तीनकुने आसपासका क्षेत्रमा सभा, धर्ना, विरोध प्रदर्शनजस्ता कार्यक्रम गर्न अनुमति नदिन सरकारलाई निर्देशन दिएको छ ।

सिंहदरबारमा शुक्रबार बसेको समितिले १५ चैतमा भएको राजावादीको प्रदर्शनमा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा संलग्न व्यक्तिलाई आवश्यक छानबिन गरी कानुनी कारबाही अघि बढाउन पनि निर्देशन दिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई दिइएको निर्देशनमा तीनकुने आसपासका क्षेत्रमा अब कुनै पनि प्रकारका सभा, विरोध प्रदर्शन, धर्ना, लगायतका कार्यक्रम गर्न अनुमति नदिन भनिएको छ ।

समिति सभापति रामहरि खतिवडाका अनुसार तीनकुने घटना निन्दनीय रहेकाले राजावादीहरूले विरोध प्रदर्शन गर्दा भएको घटनाको भर्त्सना गर्ने निर्णय पनि बैठकले गरेको छ ।

आगामी दिनमा यसप्रकारका हिंसात्मक घटना दोहोरिन नदिन एवं संविधान, कानुन एवं संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रक्षाको लागि गम्भीरताका साथ अघि बढ्न पनि सरकारलाई समितिले भनेको छ ।

समितिले नेपाल प्रहरी, सशस्त्र प्रहरी, लगायत सुरक्षा निकायलाई साधन श्रोत सम्पन्न बनाउन आवश्यक बजेटका लागि व्यवस्था गर्न नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई निर्देशन दिएको छ ।

समितिले १५ चैतमा तीनकुने क्षेत्रमा राजावादीहरूले आयोजना गरेको प्रदर्शन हिंसात्मक हुँदा भएको जनधनको क्षतिबारे गृहमन्त्री रमेश लेखक, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दिपक थापा र सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्यालसँगको छलफल गरेको छ ।

बैठकमा बोलेको सबै सांसद्ले तीनकुने संवेशनशील रहेकाले त्यहाँ प्रदर्शन आयोजना दिनु प्रशासनको कमजोरी भएको भन्दै आलोचना गरेका थिए । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, अति प्रज्ज्वलनशील इन्धन भण्डारण केन्द्र रहेको तथा तीनकुने नजिकै संसद् भवन, विभिन्न सञ्चारगृह रहेकाले पनि त्यस क्षेत्रमा सभा, धर्ना तथा प्रदर्शन आयोजना गर्न दिन नहुने सांसदहरूको भनाइ थियो । समिति सभापति रामहरि खतिवडाले तीनकुने आसपासका क्षेत्रमा सभा, धर्ना, विरोध प्रदर्शनजस्ता कार्यक्रम गर्न अब अनुमति नदिन सरकारलाई निर्देशन दिए । संसदीय समितिले आगामी दिनमा यस्ता खालका हिंसात्मक घटनाहरू दोहोरिनबाट रोक्न एवं संविधान, कानुन एवं संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रक्षाको लागि गम्भीरताका साथ अघि बढ्न पनि सरकारलाई निर्देशन दिएको छ ।

# सरकारले बोलाएको वार्तामा शिक्षकहरू सहभागी भएनन्

**काठमाडौं/मस-** विद्यालय शिक्षा ऐन जारी गर्न माग गर्दै प्रदर्शनरत शिक्षकहरु सरकारले बोलाएको वार्तामा सहभागी नभएपछि सरकारले वार्ताका लागि पुनः आह्वान गरेको छ । शुक्रबार सरकारको तर्फबाट कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहले बोलाउनुभएको वार्तामा शिक्षक महासंघका प्रतिनिधिहरु वार्तामा सहभागी भएनन् ।



कार्यवाहक प्रधानमन्त्रीको कार्यकक्षमा करिव डेढ घण्टासम्म पर्खिंदा पनि शिक्षकका प्रतिनिधिहरु नगएपछि सरकारले पुनः वार्ताका लागि आह्वान गर्ने निर्णय गरेर बैठक टुंग्याएको शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले बताइन् । उनले शिक्षकहरुले विद्यालय शिक्षा विधेयक छिटो ल्याउनका लागि सरकारलाई ध्यानाकर्षण गर्न सडकमा रहनुभएको र सरकारले पनि आवश्यक गम्भीरताका साथ वार्ता गर्न बोलाउँदा शिक्षक प्रतिनिधिहरु नआएका बताइन् । उनले सरकार शिक्षा ऐन ल्याउनका लागि लचिलो रहेको भन्दै वार्तामा सहभागी हुन आह्वान गरिन् । सरकारले शिक्षकका मागहरुलाई दृढताका साथ सम्बोधन गरेर अघि बढ्ने प्रतिवद्धता जनाइन् ।

‘शिक्षकहरुले विद्यालय शिक्षा विधेयक छिटो ल्याउनका लागि सरकारलाई ध्यानाकर्षण गर्न उहाँहरु सडक आन्दोलनमा हुनुहुन्छ । कार्यवाहक प्रधानमन्त्री, माननीय उपप्रधानमन्त्री एवं शहरी विकासमन्त्री हार्दिक आभार व्यक्त गर्न चाहन्छु । हिजो हामी बसेर यो शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मात्रै विषय होइन । यो सिंगो सरकारको विषय हो । सरकारले एक पटक हामीले शिक्षक प्रतिनिधि, शिक्षक महासंघ सबैसँग बसेर एउटा निस्कर्षमा पुग्नुपर्छ भनेर उहाँले नै चासो दिएर यो विषयलाई महत्वपूर्ण रुपमा उठान गर्नुभयो’ उनले भनिन्, ‘भोलि उहाँहरुसहितको उपस्थितिमा बसौं भनेर हिजो सल्लाह गरेर उठेका थियौं । कार्यवाहक प्रधानमन्त्रीलाई आभार व्यक्त गर्न चाहन्छु, गृहमन्त्री, प्रमुख सचेतक, मुख्य सचेतकहरु पार्टीका उहाँहरु सबैको उपस्थितिमा हामीले साझा सवाल हो । संसद र सरकारको सवाल हो भनेर सबैको ध्यानाकर्षण भएर यसको समाधानका लागि अघि बढ्नुपर्छ भनेर निस्कर्ष निकालेका थियौं । हामीले संवाद गर्न मन्त्रालय खुला छ भनेर आह्वान गरेका छौं । सरकार लचिलो छ । सरकारले शिक्षकका मागहरुलाई कतै पनि दृढताका साथ सम्बोधन गरेर अघि बढ्नेछ । आज आमन्त्रण गरिएको त्यसमा सिंगो सरकारले आह्वान गरेको छ । औपचारिक खबर आएन । हामीले डेढ घण्टा पर्खियौं । उहाँहर नआउनु भएपछि फेरि संवादका लागि आमन्त्रण गर्नेगरी आजको बैठक स्थगित गरेका छौं ।’

विद्यालय शिक्षा ऐन जारी गर्न माग गर्दै शिक्षकहरुले केही दिनदेखि आन्दोलन गर्दै आइरहेका छन् । बिहीबार साँझ पनि सरकारसँग शिक्षकहरुको वार्ता भएको थियो । शुक्रबार ३ बजे बस्नेगरी स्थगित भएको बिहीवारको बैठक आज भने बस्न सकेन । सरकारले शिक्षकहरुका माग सम्बोधन गर्न सरकार प्रतिवद्ध रहेको भन्दै पुनः बैठकका लागि आह्वान गरेको छ ।

# व्यवसायी अर्याललाई मातृशोक

**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यवसायी केदारप्रसाद अर्याललाई मातृशोक परेको छ । ललितपुरको कुसुन्तीमा रहेको इलेक्ट्रा रिक्रुटमेन्ट सर्भिस प्रा. लि.का सञ्चालक अर्यालकी आमा



सीताकुमारी अर्यालको बिहीबार निधन भएको हो ।

अर्यालको धादिङस्थित आफ्नै निवासमा निधन भएको पारिवारिक स्रोतले जानकारी दिएको छ । स्व. अर्यालका २ छोरी र ३ छोरा रहेका छन् ।

# ‘प्रहरी संगठनलाई साधन श्रोत सम्पन्न बनाऔं’

**काठमाडौं/मस-** सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक राजु अर्यालले प्रहरी संगठनहरुलाई साधन श्रोत सम्पन्न बनाउनुपर्नेमा जोड दिएका छन् ।

शुक्रबारको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै उनले प्रहरी संगठनहरु साधन श्रोत सम्पन्न हुन नसकेको बताए । उनले गृह मन्त्रालयलाई धेरै वर्ष पहिलादेखि प्रहरीलाई साधन श्रोत उपलब्ध गराउन नामहरुको सूची दिएपनि पूरा हुन नसकेको दाबी गरे । उनले सुरक्षा राष्ट्रको प्राथमिकतामा पर्नुपर्ने उल्लेख गरे । उनले प्रविधि र साधन श्रोत सम्पन्न गर्नका लागि सरकारले बजेट निर्माणको काम भइरहेकाले सबैकुरा समेट्न जरुरी रहेको



बताए । प्रहरीलाई साधन श्रोत सम्पन्न बनाउन सरकारलाई निर्देशन दिन समिति समक्ष आग्रह गरे ।

‘गृह मन्त्रालयले प्रहरीलाई सामानहरु वर्षौं वर्ष भइसक्यो दिनुपर्छ भनेको भएको छैन । सुरक्षा राष्ट्रको प्रायोरिटीमा पर्नुपर्छ । त्यो पर्नको लागि अहिले मैले अनुरोध गरेको किन हो भने अहिले बजेटको समय आएको छ । व्यक्तिगत इन्टेन्सनले कुनै पनि कमी, कमजोरी भएको छैन । टेक्नोलोजीकल कारणले, साधन श्रोतको कारणले धेरै कुरा भने जस्तो गर्न सकेको छैन । त्यसले गर्दा धेरै कुरामा समस्या अउने हुन्छ’ उनले भने, ‘त्यो अवस्थामा हाम्रो मान्छेहरु पूर्ण रुपमा काम गर्न सक्दैन । सरकार भनेको सरकार, प्रतिपक्ष जनता सबै हो । यसको लागि सबै एकजुट भएर समितिले औपचारिक रुपमै प्रहरी संगठनहरुलाई साधन श्रोत सम्पन्न गर्न केके दिनुपर्छ । लिस्ट पनि पठाएका छौं । त्यसका लागि यहाँबाट निर्देशन भइदियो भने प्रहरीहरु पछि–पछिसम्म पनि सम्झिने वातावरण बन्थ्यो ।’ महानिरीक्षक अर्यालले तीनकुने घटनामा बल प्रयोग आवश्यकता र समानुपातिकमा आधारित रहेको दाबी गरे ।


**वराहपोखरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बाघखोरभन्ज्याङ, खोटाङ**
**कोशी प्रदेश, नेपाल**

**रोजगार संयोजक पदका लागि दरखास्त आह्वान गरिएको सूचना**

**प्रकाशित मितिः २०८१/१२/२३**

यस वराहपोखरी गाउँपालिका अन्तर्गत रोजगार सेवा केन्द्रका लागि तपसिल बमोजिमको पदमा प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा आवश्यक जनशक्ति पदपूर्ति गर्नुपर्ने भएको हुनाले न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको पन्ध्र (१५) दिनभित्र दरखास्त फारम भर्न आह्वान गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं | पद | तह | सेवा समूह | माग संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | ०६/२०८१-०८२ | रोजगार संयोजक | अधिकृतस्तर छैटौं | विविध | १ (एक) | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |

१. **उमेरः** २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
२. **आवेदन साथ संलग्न कागजातहरुः** आवेदकले स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपीहरु-
   क) नागरिकता
   ख) न्युनतम योग्यता भन्दा माथिल्लो योग्यता भए सोको लब्धाङ्क प्रमाण पत्र
   ग) चारित्रिक प्रमाण पत्र
   घ) तालिमको प्रमाण पत्र
   ङ) अनुभव भए सोको कागजातहरु
   च) ३ प्रति पासपोर्ट साइजको फोटो
३. **दरखास्त दस्तुरः** रु. १,०००/०० (एक हजार रुपैया मात्र) रुपैया आवेदन दस्तुर स्वरुपको रकम लक्ष्मी सनराइज बैंक लिमिटेड, वराहपोखरी शाखामा रहेको यस गाउँपालिकाको **BARAHAPOKHARI GAUNPALIKA GA 1.1 ANTARIK RAJASHWO KHATA,** खाता नं.०९४०६२०७०६७०३००६ मा जम्मा गरि सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ ।
४. **कार्य विवरण, पारिश्रमिक, सेवा सुविधाः** “रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६” बमोजिम हुनेछ । अन्य थप कार्य विवरण कार्यलयले तोके बमोजिम हुनेछ ।
५. अन्य थप विवरण बराहपोखरि गाउँपालिकाको वेबसाइटमा हेर्नुहोला ।

**प्रमुख प्रशासकीय अधिकृत**

पुस्तक-समीक्षा

# जीवा लामिछानेको रोमाञ्चक यात्रा : 'अक्षत अन्टार्कटिका'

*जीवा लामिछानेको नियात्रा 'देश देशावर' पढिरहँदा तारानाथ शर्मालाई सम्झें । त्यति समृद्ध शैलीमा समकालमा लेखिरहेका को-को छन् भन्ने जिज्ञासा पनि लागिरह्यो । मैले त्यस्तो कलम जीवामा पाएँ । जीवाको नियात्रा नेपाली साहित्यको सम्पति हो...*



■ रसुवाली कवि

'मान्छेसँग संगत गरेको धेरै नभएकाले त्यहाँका सिल र पेन्गुइनले मान्छे कस्ता प्राणी हुन् भनेर अझै चिन्न सकेका छैनन् । त्यसैले, उनीहरू मान्छेसँग ज्यादै घुलमिल हुन्छन् । लामो संगतको अभावका कारण उनीहरूले मान्छेसँग कुनै इतर व्यवहार गर्दैनन् । जुन दिन मान्छे उनीहरूको अस्तित्वका लागि खतरा हुन् भन्ने थाहा पाउँछन्, उनीहरूको व्यवहार फरक हुने छ । उनीहरूको इनोसेन्स गायब हुने छ । त्यस्ता कुरामा अब हामी तत्काल सचेत भइहाल्नु जरुरी छ ।' 'अक्षत अन्टार्कटिका', पृष्ठ : १८० ।

नियात्राकार जीवा लामिछाने अन्टार्कटिका यात्रामा भएको बखत छोरा अनुरागले लेखेको चिठीको अंश हो यो । प्रायः सिल र पेन्गुइनहरूको बासस्थान रहेको अन्टार्कटिका प्रायद्वीपबारे अनुरागको यो चिन्ता र चासो आजको साझा पर्यावरणीय मुद्दा पनि हो । अनुराग जस्ता युवाहरूले आजको विश्व पर्यावरणबारे चिन्ता गर्नु अत्यावश्यक पनि छ । नियात्राकार जीवा लामिछानेको 'अक्षत अन्टार्कटिका' पढिरहँदा जैविक विविधता, पर्यावरण, जलवायु परिवर्तनबारे चासो, चिन्ता, कौतूहलपूर्ण आशयहरू प्रकट भएका छन् । 'अक्षत अन्टार्कटिका' शीर्षकले नै अन्टार्कटिकाको विशालता, मौलिकता र जीवन्ततालाई जोड दिएको छ भन्न सकिन्छ ।

यो नियात्राले कुनै सन्देश दिन्छ भने त्यो हो- अन्टार्कटिकाको मौलिकतालाई जोगाउनुपर्छ, जुन हरेक पृथ्वीबासीका लागि महत्त्वपूर्ण छ । अन्टार्कटिकाको दुःख पृथ्वीको साझा दुःख पनि हो । अन्टार्कटिकाको मौलिकता जीवन्त हुनु पृथ्वीबासीका लागि सधैं खुसीको खबर पनि हो ।

अधिकांश नेपालीहरूले अन्टार्कटिकाको भ्रमण गर्न सक्दैनन् । अन्टार्कटिकाको पर्यटन जोखिम, कौतूहल, रोमाञ्चकता र रहस्यसँग जोडिएको पर्यटन हो । त्यहाँ जान चाहनेहरूले २ वटा कुरा महसुस गर्छन् : एउटा, जोखिम उठाउन सक्छु भन्ने जोस र त्यहाँ पुगेपछि कस्तो होला भन्ने कौतूहल । मूलतः यी २ कुरा सोचेर पर्यटकहरू त्यहाँ पुगिरहेका छन् । जीवा लामिछाने त्यस्तै यात्री हुन् । उनी पर्यटक हुन् र यात्रालाई लेख्न सक्ने सफल लेखक पनि ।

मस्को स्टेट युनिभर्सिटी अफ सिभिल इन्जिनियरिङबाट स्नातकोत्तर जीवा लामिछानेलाई धेरैले व्यवसायीका रूपमा चिन्छन् । गैरआवासीय नेपाली अभियन्ता लामिछाने गैरआवासीय नेपाली संघका संस्थापक सदस्य एवं पूर्वअध्यक्ष हुन् । उनले खेमलाल-हरिकला लामिछाने समाज कल्याण प्रतिष्ठान स्थापना गरी नेपाली साहित्यको सेवा गरिरहेका छन् ।

संसारका १३० भन्दा धेरै देशमा पुगिसकेका लामिछाने आफू पुगेको ठाउँका बारेमा यात्रा निबन्धको मीठो बान्की बुन्छन् । जीवाको भाषामा काव्यिकताको मात्रा प्रशस्त हुन्छ, जसका कारण पाठकहरूलाई जीवाका नियात्राले बाँधी राख्न सक्छन् ।

यसअघि बजारमा आएको जीवा लामिछानेका 'सरसर्ती संसार' र 'देश देशावर'लाई व्यापक रुचाइयो । जीवाले लेखेका नियात्राभित्र सम्बन्धित ठाउँको वर्णन मात्र हुँदैन, उनी त्यहाँका ऐतिहासिक पक्षलाई केलाउँछन् । समग्रताको बयान गर्छन् । यस्तो व्यापक चेत कमै मात्र नियात्राकारमा हुन्छ ।


तारानाथ शर्माले धेरै पहिला लेखे- 'बेलायततिर बरालिँदा ।' झर्रो नेपाली भाषाका अभियन्ता शर्माको एउटा मीठो यात्रा निबन्ध छ- 'घनघस्याको उकालो काट्दा ।' पश्चिम नेपालको यात्रामा निस्केका शर्माले त्यहाँको जीवन, संस्कृति, चालचलन र आफ्नो अनुभूतिलाई तीव्रतामा पुऱ्याएर लेखेका थिए । उक्त यात्रा निबन्ध (नियात्रा) विद्यालय र विश्वविद्यालयमा थुप्रै विद्यार्थीले पढे । आज पनि पढ्दै छन् ।

जीवा लामिछानेको नियात्रा 'देश देशावर' पढिरहँदा तारानाथ शर्मालाई सम्झें । त्यति समृद्ध शैलीमा समकालमा लेखिरहेका को-को छन् भन्ने जिज्ञासा पनि लागिरह्यो । मैले त्यस्तो कलम जीवामा पाएँ । जीवाको नियात्रा नेपाली साहित्यको सम्पत्ति हो ।

बदलिँदो, फेरिँदो वा वैज्ञानिक फड्को हानिरहेका देशहरूको वर्णन गरेर मात्र छाडेका छैनन् जीवाले । आदिवासी बस्तीमा पुगेका छन् । उनीहरूको इतिहासलाई उनेका छन् । त्यहाँ खाना खाएका छन् । कुनै ग्रामीण इलाकामा पुगेका छन् । त्यहाँका खेतीहरूबारे लेखेका छन् ।

साहित्यकार र दार्शनिकको चिहानमा उभिएर उनले तिनको योगदानको चर्चा गरेका छन् । इतिहासलाई छाम्नु र वर्तमानलाई तीखो गरी अनुभूत गर्दै लेख्नु जीवाको लेखकीय विशेषता हो ।

'अक्षत अन्टार्कटिका' छोटो समयमा गरिएको यात्रा वर्णन र अनुभूति हो । तर, यात्रा क्यानभास फराकिलो छ । बेलायतबाट अन्टार्कटिका




पुगेकाहरूको प्रसंग होस् वा पानीजहाजमा हुने डकैत प्रसंगका रोचकतालाई उनेर जीवाले शब्दहरूको मोहक माला बनाएका छन् ।

जीवा चढेको जहाजका यात्रीहरूमा बढेको आत्मीयताले विश्वबन्धुत्वको भाव जागृत बनाउँछ । मानिस जहाँको भए पनि उसमा शरद्को सयपत्री फुलिरहने मानवता हुन्छ र त्यो भावना साझा हुन्छ भन्ने भाव जीवाका यात्रा प्रसंगमा आएका छन् ।

नत्र छोटो यात्रामा भेटिएकाहरू किन परिवारका सदस्य जस्ता हुन्छन् ? किन छुट्टिने बेलामा रसाउँछन् युवतीका आँखाहरू ? किन जीवाका छोराहरू पठाइरहन्छन् इमेल ? किन जीवा जीवन संगिनी बिन्दितालाई प्रेमिल भावले सम्झिरहन्छन् ? किन यात्रामा देखिएको सपनामै विश्वप्रसिद्ध जहाजको डकैत गर्ने मान्छे आउँछ ?

जीवाका नियात्रामा मानवीय भावनाको नदी बग्छ, चितवनको नारायणीझैं शान्त भएर । उनी विश्वको पल्लो छेउमा पुगेर चितवनलाई पनि सम्झिरहन्छन् । भनिन्छ- वनको चरीलाई सुनको गुँड काम लाग्दैन । जीवा जहाँ पुगे पनि नेपालीकै तरिकाले सोचिरहेका हुन्छन् र त उनी एक्लै अन्टार्कटिका जान सकेनन्, घनश्याम दाइ सहयात्रीका रूपमा लिएर यात्रामा हिँडे ।

नेपालीहरू एक्लै हिँड्दैनन् । धरान बजारमा सुन्तला बेच्न भोजपुरबाट ढाकर बोकेर झरिरहेका मानिसहरूका बारेमा हाम्रो साहित्यमा लेखिएकै छैन जबकि जीवा पनि अन्टार्कटिका पुग्ने पहिलो नेपाली भुवनसिंह विश्वकर्मलाई भेट्न पुगेका छन् नेपाल आउनेबित्तिकै ।

भुवनसिंहले सुनाएको प्रसंगले उनलाई बेग्लै अनुभूति दिलाएको छ । भुवन अन्टार्कटिकाको चिसोमा नारायणगोपालको गीत- 'भोलि उठी कहाँ जाने केही थाहा छैन...' सुन्दा रहेछन् । यो गीतले त्यहाँको मनस्थितिलाई बोक्छ ।

अन्टार्कटिकामा विभिन्न देशका स्टेसनमा रहने वैज्ञानिक र प्रतिनिधिले पनि यस्तै सोच्दा हुन् सायद । उनीहरू नारायणगोपालको गीत बुझ्न् पो कसरी !

घनश्याम दाइसँग जीवाले यात्राभर धेरै अनुभूतिहरू साटेका छन् । यो पुस्तक आख्यान हुन्थ्यो भने घनश्याम दाइ मुख्य पात्रमा पर्थे । भलै, यो नियात्रा हो । नियात्रामा वास्तविक पात्र हुन्छन् । नियात्रालाई रोचक बनाउन जीवाले आख्यानात्मक शैलीलाई पनि ठाउँठाउँमा पछ्याएका छन् । अन्टार्कटिका चिसो छ । यति चिसो संसारमा कतै पनि हुँदैन । अन्टार्कटिका हिउँको राज्य हो, यति बाक्लो गरी हिउँ संसारमा अन्त कतै पनि जम्दैन । पेन्गुइनहरू मान्छेसँग आत्मीय हुन्छन् । अन्टार्कटिकाबाहेक अन्त पेन्गुइनसँग मान्छे यति आत्मीय हुँदैन । यहाँ लाखौं वर्षदेखि चिसो हावा बहेकै छ । यति चिसो संसारमा अन्त कतै बहँदैन पनि । पेइन्गुन आमाहरूले शत्रुबाट जोगाइरहेका छन् बच्चाहरू । आमाहरूको कुनै जात हुँदैन । यिनीहरू ब्रह्माण्डीय चेतका हुन्छन् । अशोक सुवेदीले गीतमा लेखेजस्तो आमाहरू जूनझैं शीतल हुन्छन्, समुद्रझैं विशाल हुन्छन्, पवनझैं शान्त हुन्छन् । अन्टार्कटिकाका पेन्गुइनहरूबारे जीवाले ममताको कोणबाट लेखेका छन् । पर्यावरणीय कोणबाट उत्तिकै सचेततापूर्वक कलम चलाएका छन् । पेन्गुइन बच्चाहरू जोगाइरहेका आमाहरू सायद आदर्श हो ।

नियात्राकार जीवा भावुक यात्री हुन् । उनले यो यात्रामा त्यस्तै भावुकता सँगालेका छन् । उनी नर्डिक मुलुकहरूमा लोककथालाई यसरी उल्लेख गर्छन् :

'मानव जातिको देउता मानिने ठूलो आकारको एउटा कागले एक पटक समुद्र किनारमा हल न चलको अवस्थामा रहेको ह्वेललाई देख्यो । बिरामी ह्वेल देखेर देउता काग साह्रै दुःखी भयो । दुःखी हुनुको कारण के थियो भने यो ह्वेल बिरामी भएयता संसारमा कुनै पनि चिज सहज तरिकाले चलिरहेको थिएन । उसले ईश्वर (ग्रेट स्पिरिट)सँग प्रार्थना गऱ्यो- यो ह्वेल इन्तु न चिन्तुको अवस्थामा छ । यसलाई समुद्रमा धकेल्ने मेरो शक्ति छैन । मलाई विशेष किसिमको च्याउ देऊ । त्यो खाएर शक्ति बटुल्छु र ह्वेललाई ठेलेर समुद्रमा पठाइदिन्छु । त्यसपछि त्यही नियममा चल्ने छ ।' 'अक्षत अन्टार्कटिका', पृष्ठ : १३३ ।

ह्वेल ठूलो जीव हो । यो जीवको सिकार खेल्नेहरू थुप्रै बढेका छन् । ह्वेलको तेलको व्यापार गर्नेहरू पनि बढेका छन् । यो लोककथाको उदाहरणले ह्वेललाई बचाउने कुरालाई जोड दिएको छ ।

यात्राका क्रममा जीवा ह्वेलको दीर्घ जीवनको कामना गरिरहेका ती काग देवता जस्ता लाग्छन् । काग देवताले ईश्वरसँग शक्ति मागेझैं जीवाको काव्यिक हृदय भन्छ- हामी मानवहरूले पर्यावरण र जीवजन्तुको जीवन्त आयु मास्यौं, बेलैमा सचेत होऔं । उनले अन्टार्कटिकालाई अक्षत भन्नुको कारण पनि त्यही हो ।

अन्टार्कटिका हिजो पनि अक्षत थियो, भोलि पनि अक्षत हुनुपर्छ भन्नेमा जीवा लामिछाने जोड दिन्छन् । उनका छोरा अनुरागले लेखेको चिठीको पनि त्यस्तै बेजोड भाव छ ।

'म/छोरा' अध्यायमा एउटा छोटो कविता समावेश छ, जुन कविताको अंश निकै बेजोड छ :

संसारलाई अब
हामी सबैले हेर्नु जरुरी रहेछ
नयाँ आँखाले
नयाँ चेतनाका साथ । 'अक्षत अन्टार्कटिका', पृष्ठ : १७८ ।

कविता संसारलाई हेर्ने दृष्टिकोणबारे बोल्छ । अबका दिनहरूमा हामी कसरी दुनियाँलाई हेर्छौं, त्यसका लागि नयाँ चेतना चाहिन्छ । नयाँ मानिसहरूमा उम्रने नयाँ चेत अतिआवश्यक छ । अन्टार्कटिका फर्किएपछि जीवाले यस्तै सोचे होलान् । मैले यो किताब पढिसकेपछि एउटा गीत सुनें, जुन यस्तो छ :

हिमालसरि म अग्लिरहेछु
समात, समात, समात मलाई
बादलसरि म पग्लिरहेछु
सम्हाल, सम्हाल, सम्हाल मलाई ।

*शब्द/संगीत- गोपाल योन्जन*
*स्वर- नारायणगोपाल/अरुणा लामा*

कविता

## पानीको घर



भारती न्यौपाने

अनन्त चिन्तन र स्तम्भित विचारको तापले
बरफ जस्तै पग्लिएर
जब म तिमीभित्र उभिएँ
जलाशय जस्तै तरल तिम्रो हृदयमा
एउटा पानीको घर बन्यो ।

जतनले वर्तनको आकारमा रहने
सृष्टिको प्रक्रियाबाट
निरन्तर कोसिस गरिरहँदा
अनेक रूपमा रूपान्तरित भए थोपाहरू
कहिले पवित्र कलस
त कहिले गन्धा नाली
कहिले आचमनीबाट झर्ने
पञ्चामृतको थोपोझैं
त कहिले सडक पखालिरहेको बेग
निरन्तर सल्बलाइरह्यो
हृदयमा उभिएको पानीको घर ।

पवित्र जलाशयबाट उठेका कैयौं
पानीका फोकाहरू जीवन नपाउँदै
पट्ट फुटेर पानीमै बिलाए ।

समयले खोजेको परिवर्तन
विचारका उर्ध्वरेखाबाट उक्लिएर
कहिले तिमीबाट ममा
कहिले मबाट तिमीमा
अविचलित बदलिरहे ।

समयको रेखाबाट उठेका
जीवनझैं फोकाहरू
फुटेर पानीझैं बनिरहे
उभिएकाहरू स्थिर बनी उभिइरहे
पग्लिएर कोही नदी भई बगिरहे
कोही जमेरै बरफझैं बनिरहे ।

जीवनका गीतझैं
पानीका घरहरू
तरल हृदयमा ध्वनित भइरहे
कहिले तिमीभित्र त कहिले मभित्र
एउटा पानीको घर बनिरह्यो ।

प्रकृतिको काखमा एउटा जीवन
जन्म र मृत्युको चक्रमा
पानीको घर बनाइरह्यो
अनन्त चिन्तन
र स्तम्भित विचारको तापले
बरफ जस्तै पग्लिएर
जब म तिमीभित्र उभिएँ
जलाशय जस्तै तरल तिम्रो हृदयमा
एउटा पानीको घर बन्यो ।

# लालसेना

लघुकथा



■ अनुरोध शर्मा

*सरकारले सार्वजनिक गरेको बेपत्ता नागरिकको सूचीमा उसको फोटोसहित छापिएको नाम देखेपछि कसरी नपत्याउनु ?...*

यही बाटो हुँदै गएको थियो, 'चाँडै आउँछु' भनेर । 'नजाऊ न मलाई एक्लै छाडेर', रुँदै भनेकी थिई उसले, 'आखिर यहीँ बसौंला, दुःखजिलो गरेर बाँचौंला ।'

'२ वर्ष त हो नि ! अलिकति कमाएर ल्याउँछु अनि कुनै पेसा गरौंला', सम्झाउँदै भनेको थियो, 'पछि सन्तानका लागि जोहो गर्नुपरेन ?'

त्यसो त सुनमायालाई पनि आफ्नो नाम जस्तै पहेंलपुर गहना लगाएर सुनपरी हुने इच्छा नभएको कहाँ हो र !

समय हो, बित्छ, जोवन जस्तै । कलकलाउँदो बैंसले कोल्टे फेर्दै गएको छ । सुनमायाका गालामा धर्सा देखिन थालेका छन्, बुढचौलीका होइन, उमेरका । त्यसो त उति बूढी भएकी होइन ऊ, भर्खरै पूरा गरेकी हो चालीसौं वसन्त ।

२२ वर्षकी हुँदा परदेसिएको हो लोग्ने । ओहो ! १८ वर्ष भइसकेछ । छोरो १८ वर्षको भइसक्यो, छोरीको विहे गर्ने बेला भइसक्यो । लोग्नेको अत्तोपत्तो छैन ।

खबरका नाउँमा चिठी आउँथ्यो ४ वर्षजति । 'कतारमा छु, राम्रै छ, काम पनि कमाइ पनि' भन्ने लेख्थ्यो चिठीमा । तर, लोग्नेको कमाइ देख्न पाएकी छैन सुनमायाले । त्यसपछि न चिठी आएको छ, न त कुनै खबर ।

एक्लैले हुर्काई २ छोरा-छोरी । कमाइ गर्ने ३ रोपनी पाखो, कोदो र आलु मात्र फल्ने । त्यसो त दिउँसो मेला जान्थी गाउँलेकहाँ, मकै, पिठो आउँथ्यो, त्यही खुवाउँथी सन्तानलाई ।

सुनमायाले लोग्नेको खोजी गरिदिन कतारमा रहेका गाउँ छिमेक र चिनजानका सबैलाई अनुरोध गरी । कसैले पनि पत्ता लगाउन सकेनन् । कसैले पनि भेटेको कुरा गरेनन् । अलिक जिद्दी हो कि मुडी थियो धनबहादुर । नामअनुसारको सम्पत्तिको धनीचाहिँ थिएन (धन भए किन विदेश जानुपर्थ्यो ?)। मनको चाहिँ धनी नै हो भन्नुपर्छ । जिद्दी र मुडी भए पनि सहयोगी र भावुक थियो ऊ ।

देशमा द्वन्द्व अन्त्य भएको छ, छिटपुटबाहेक । सशस्त्र द्वन्द्वरत माओवादी शान्तिपूर्ण राजनीतिमा आइसकेको छ, आइसकेको मात्र होइन, सत्ताको मह चाटिसकेको छ । भर्खरै सरकारले बेपत्ता आयोग बनाएको छ । आयोगले प्रथम चरणमा बेपत्ताको सूची प्रकाशन गरेको छ । सुनमायाले सुनी, धनबहादुरको नाम पनि त्यस सूचीमा समावेश छ ।

पत्याइन, विदेश गएको लोग्ने कसरी स्वदेशमै बेपत्ता हुन्छ ?

नपत्याएर के गर्नु ? भएछ यस्तै । हिन्दी सिनेमाझैं लागिरहेछ उसलाई । विदेश जान हिँडेको धनबहादुरले काठमाडौं जाँदा गाडीमा सँगै एक जना साथी भेट्टाएछ । परिचयपछि केही हार्दिकता र आत्मीयता गाँसिएछ । आफ्ना समस्या र विदेश जानुपर्नाका कारणबारे भलाकुसारी भएछ । साथीले यस्ता लक्का जवानहरू बिदेसिनु नहुने, स्वदेशमै केही गर्नुपर्ने अर्ति सुझाएछ ।

कतारमा पुगेर केही वर्ष संघर्ष गरेछ । राम्रो कम्पनी, काम पनि राम्रो र तलब सुविधा पनि राम्रो भनेर दलालले फसाएको कुरा कतार पुगेपछि मात्र चाल पाएछ उसले ।

केही समयसम्म सुकुटी बनाउने गर्मीमा मरीमरी काम गरेछ । पैसा खान र बस्न पनि धौधौ पर्नेगरी मात्र कमाइ हुने । सोचेछ, 'आखिर यत्ति दुःख गरेर यहाँ बस्नुभन्दा त स्वदेश फर्कनु बेस । सन्तानका लागि केही जोहो होला भनेर अर्काको देशमा आएको, खै त के कमाएँ ?'

अचानक सम्झेछ, घरबाट काठमाडौं आउँदा भेटिएको साथी । मुडी मान्छे छिट्टै हौसिन्छ, छिट्टै रिसाउँछ । त्यो साथीको कुरा ठीकै लागेछ धनबहादुरलाई र स्वदेश फर्किने निधो गरेछ- रित्तो हात ।

एक दिन दिनभर धनबहादुर काठमाडौंमा त्यही साथीसँग बसेछ । साथीले राजनीतिमा लाग्न सल्लाह दिएछ । आफ्नो र परिवारको भविष्यको जिम्मा पार्टीले लिने बताएछ । क्रान्ति सफल भएमा देश र जनताको पनि हित हुने, आफूलाई पनि फाइदा हुने (राजनीतिक योगदानका आधारमा) बताएपछि धनबहादुर भर्खरै सुरु भएको माओवादी जनयुद्धमा होमिएछ ।

भूमिगत रूपमा रहेको राजनीतिक दल, जसले सशस्त्र जनयुद्धको घोषणा गरेको छ, थाहा पायो भने सरकारले सिध्याइदिन्छ । अरू त अरू, आफ्नै परिवार, भनूँ न, श्रीमतीलाई पनि जानकारी दिएनछ । विदेश गएको कुरामै विश्वस्त पारेछ ।

पार्टीमा लागेपछि पार्टीले दिएको जिम्मेवारी पूरा गर्नु कर्तव्य हो । केही समय पार्टीका औपचारिक/अनौपचारिक कार्यहरूमा सहयोगीका रूपमा काम गरेपछि सेनामा प्रवेश पाएछ- लालसेना । आफ्नो जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गर्दै आएपछि कमान्डरसम्म बनाएछ पार्टीले ।

पार्टीले दिएको जिम्मेवारी बहन गर्दागर्दै एउटा प्रहरी चौकी आक्रमणका क्रममा भएको भीडन्तपछि बेपत्ता भएछ धनबहादुर । सरकारले सार्वजनिक गरेको बेपत्ता नागरिकको सूचीमा उसको फोटोसहित छापिएको नाम देखेपछि कसरी नपत्याउनु ?

सुनमाया मास्तिरको बाटो देखाउँदै भन्दै छे, 'यही बाटो हुँदै गएको थियो, चाँडै आउँछु भनेर ।'

# निजी जग्गामा पैनी देखाएर सर्जमिन : न्यायिक समितिमा पहिलो पटक 'नोट अफ डिसेन्ट'

**तेज बन/मध्यान्ह**
इटहरी, २२ चैत




इटहरीमा एक महिलाले खरिद गरेको निजी जग्गामा नाला र पैनी देखाएर वडा कार्यालयले सर्जमिन गरी न्यायिक समितिलाई पठाएपछि विवाद भएको छ।

इटहरी उपमहानगर ४ जागृती टोल निवासी लक्ष्मी अधिकारीले खरिद गरेको निजी जग्गामा सम्बन्धित वडा कार्यालयले नाला र पैनी देखाइ झुटो सर्जमिन मुचुल्का बनाएर न्यायिक समितिलाई पठाएपछि अहिले विवाद भएको हो। नक्सामै नभएको नाला र पैनी कागजमा देखाएर सर्जमिन गरेपछि इटहरीकी लक्ष्मी अधिकारी आफ्नो निजी जग्गा संरक्षणका लागि पत्रकार र न्यायिक समितिसँग हार गुहार मागेकी छिन्। इटहरी उपमहानगर ४ जागृती टोलकी अधिकारी अहिले आफ्नो जग्गा जोगाउन सञ्चार गृह हुँदै अदालत जाने तयारी थालेकी छिन्। उपमहानगरको न्यायिक समितिबाट न्याय नपाएपछि उनी अदालत जाने तयारी गरेको बताउँछिन्।

नम्बरी जग्गामा जबरजस्ती पैनी र नाला देखाएर वडा कार्यालयबाट सर्जिमन गरेपछि शुक्रबार उपमहानगरको न्यायिक समितिले तीनै महिलाको विपक्षमा फैसला गरेको थियो। लक्ष्मीले २०६५ सालमा स्थानीय छिमेकीबाट इटहरी ४ जागृती टोलमा साढे १३ धुर जग्गा किनेको बताइन्। पटक-पटक अमिनले नापजाँच गर्दा र नापी शाखाबाट जारी भएको नक्सामा पनि नाला र पैनी नभेटिएको अवस्थामा वडा कार्यालयले झुटो सर्जमिन बनाएर आफुलाइ अन्याय गरेको उनले आरोप लगाइन्। उनले न्याय पाउने आशमा विगत ५ महिनादेखि उपमहानगरको न्यायिक समिति धाएको तर उपमेयर संगीता कुमारी चौधरीको एकलौटी निर्णयले अन्याय भएको बताउँदै अदालत जाने बताइन्।

अधिकारीले खरिद गरेको जग्गाको विषयलाई लिएर स्थानीय शेषराज खतिवडासहित २४ जनाले ५ महिना अघि न्यायिक समितिमा उजुरी गरेका थिए। अधिकारिले जग्गा खरिदसँगै भौतिक संरचना निर्माण गर्दा पैनी थुनेको दावीसहित भोगचलनमा बाधा पुग्ने गरी खतिवडासहित २४ जनाले ८१ मंसिर १७ गते न्यायिक समितिमा उजुरी दिएका थिए। उजुरी पश्चात समितिले सम्बन्धित वडा कार्यालयलाई सो जग्गाको विषयमा सर्जमिन मुचुल्का तयार पारी न्यायिक समितिमा बुझाउन अनुरोध बमोजिम ४ नं वडा कार्यालयले जग्गा धनीलाई थाहा नै नदिइ सर्जमिन मुचुल्का बनाएर पठाएको पीडित महिलाको भनाइ छ।

सर्जमिन मुचुल्का उठाउँदा आफुलाई थाहा नै नदिइ मनोमानी ढंगले बनाएको पीडित जग्गा धनी अधिकारीले बताइन्। कागजमा उल्लेख भए बमोजिम सो जग्गामा कुनै नाला तथा पैनी पनि नरहको उनले दाबी गरिन्।

उजुरी गर्ने खतिवडा आफ्नो छिमेकी पनि नरहेको उनले बताइन्। आसपासका छिमेकीहरूलाई यस जग्गाले अहिलेसम्म कुनै असर नै नगरेको बताउँदै बर्खाको बेला आउने भेल सिधैं आफ्नो जग्गाबाट कटाएर ड्रेनमा हाल्ने योजना अनुसार शेषराजले षड्यन्त्र रचेको उनले आरोप लगाइन्।

यता सर्जमिन मुचुल्का बनाउने इटहरी उपमहानगर वडा नं ४ का वडाध्यक्ष भक्त लामाले जग्गाको विषयमा लामो समयदेखि विवाद भएको र आफुले नसकेपछि न्यायिक समितिमा पठाएको उल्लेख गरे। उनले सोही स्थान पुगेर त्यहाँका भद्रहरूसँग बुझेरै सर्जमिन गरिएको तर अधिकारीले खरिद गरेको जग्गा भने नम्बरी नै रहेको बताए।

यता न्यायिक समितिकी संयोजक तथा उपमेयर संगिता कुमारी चौधरीसँग बुज्दा उनले वडा कार्यालयबाट प्राप्त सर्जमिन र नेपालको कानुन अनुसार अधिकारीले खरिद गरेको जग्गा परापूर्व कालदेखि नै पानी जम्ने, खाली जमिन रहेको पाइएकोले पैनीको जग्गा छुट्टाएर भोगचलन गर्नपाउने गरी निर्णय गरेको बताइन्। उनले फैशला चित्त नबुझे अदालत जान सुझाव समेत दिइसकेको उल्लेख गरिन्।

यता उपमेयरको फैसललाई लिएर न्यायिक समितिभित्रै विवाद मच्चिएको छ। समितिका सदस्य एवम उपमहानगर प्रवक्ता दिवश पोखेलले फैसलाविरूद्ध नोट अफ डिसेन्ट गरेका छन्। उनले पटक-पटक अमिन लगेर नाप जाँच गर्दा कुनै नाला तथा पैनी नभेटिएको, जग्गाको नक्सामा समेत कुनै नाला, पैनी नदेखिएको हुँदा उपमेयर चौधरीको फैसलाविरूद्ध नोट अफ डिसेन्ट दिएको बताए।

# अब ७५३ वटै पालिकामा नागरिक आरोग्य सेवा : स्वास्थ्यमन्त्री पौडेल



**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सरकारले नागरिक आरोग्य सेवालाई ७५३ वटै पालिकामा विस्तार गर्ने बताएका छन्।

शुक्रबार राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग सेवा केन्द्र बुढानीलकण्ठ काठमाडौंको सेवा शुभारम्भ गर्दै स्वास्थ्यमन्त्री पौडेलले नागरिक आरोग्य सेवालाई ७५३ वटै पालिकामा विस्तार गर्ने योजनाअनुसार सरकार अघि बढिरहेको बताएका हुन्। उनले आयुर्वेद क्षेत्रलाई व्यापक ढंगले विकास गर्ने कोशिस सरकार रहेको बताए। उनले नागरिक आरोग्य सेवा सबै पालिकामा पुऱ्याउने गरी आगामी आर्थिक वर्षको बजेटमा व्यवस्था गर्ने प्रतिबद्धता जनाए। उनले आयुर्वेद नेपालको मौलिक प्रणाली हुनुका साथै जीवनपद्धति भएको उल्लेख गरे। उनले आयुर्वेद नेपालको संस्कृति र सभ्यता भएको बताउँदै नेपाल आयुर्वेद क्षेत्रको हब बन्नुपर्ने बताए। मन्त्री पौडेलले आयुर्वेद नेपालबाटै उत्पत्ति भएको हो भन्ने कुरा विश्वलाई बुझाउन सक्नुपर्नेमा जोड दिए।

मन्त्री पौडेलले सरकारले बिरामी हुन नदिने उपायहरुको बारेमा खोजी गरिरहेको बताए। उनले सरकारले निरोगी नेपाली बनाउनेगरी अभियान शुरु गरिरहेको बताए।

# म आफैं आन्दोलनमा छु : अध्यक्ष केसी



**काठमाडौं/मस-** राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले प्रदेश खारेजीको लागि आफू आन्दोनमै रहेको बताएका छन्।

शुक्रबार सिंहदरबारस्थित राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै अध्यक्ष केसीले संविधान निर्माणका वखतदेखि नै आफ्नो पार्टी प्रदेशको विपक्षमा रहेको बताएका हुन्। प्रदेश खारेज नगरी मुलुकमा विकासको ढोका नखुल्ने उनको जिकिर छ। उनले तीनकुनेमा चैत १५ गते भएको घटना लोकतन्त्र र गणतन्त्रलाई सिध्याउने नियतका साथ भएको समेत बताए। उनले संविधानमा भएका असहमतिहरुलाई जनमत लिएर हटाउन मिल्ने प्रावधान हुँदाहुँदै शत्रुतापूर्ण तरिकाले अराजकत गतिविधि भइरहेको बताए। उनले आन्दोलन प्रदर्शनका नाममा प्रणाली सिध्याउने र शत्रुतापूर्ण आन्दोलनप्रति सरकार चनाखो हुनुपर्ने समेत बताए। उनले तीनकुने घट्नाले लोकतन्त्रण र गणतन्त्र सुरक्षित नगरेको संकेत गरेको उल्लेख गर्दै सबैले चनाखो हुनुपर्ने टिप्पणी गरे।

'अहिले लोकतन्त्र र गणतन्त्रलाई सिध्याउने नियतका साथ यो आन्दोलन आएको छ। संविधानभित्रका कतिपय कुराहरुमा त हाम्रो मतभेद हुनसक्छ नि। त्यो मतभेद त जनतामा त्यस किसिमको प्रभाव पारेर आफ्नो पक्षमा जनमत ल्याएर असहमति भएको विषयलाई हटाउने हो। त्यसको बहाना प्रणाली नै सिध्याउने र शत्रुतापूर्ण आन्दोलनसित सरकार चनाखो हुनुपर्छ। अब म आफैं पनि आन्दोलनमा छु' उनले भने, 'मैले सरकारलाई भनिराखेको छु प्रदेश हुनुहुन्न। संविधान बनाउँदाका बखतदेखि नै जनमोर्चाले प्रदेश भनेको होइन। गृह मन्त्रालयसँग यति नजिकको ठाउँ, सुरक्षा निकायको नजिकको ठाउँमा जुन खालको घटना घट्यो यो राम्रो भएन। सरकारले पीडितहरुलाई दिएको राहत राम्रै कुरा छ। तीनकुनेको घटनालाई हेर्ने हो भने लोकतन्त्र र गणतन्त्र सुरक्षित छैन। हामी सबै शतर्क हुनुपर्छ।'

नेकपा (माओवादी केन्द्र) की सांसद दुर्गा राईले तीनकुने प्रदर्शनमा सरकारले आवयक विवेक नपुऱ्याउँदा क्षति भएको बताइन्। उनले प्रदर्शनको अघिल्लो दिन निर्मल निवासमा राजावादीहरुले कमाण्डर परिवर्तन गरेको भएपनि सरकारले आवश्यक तयारी नगरेको बताइन्। उनले बैंकबाट अर्बौं रुपैयाँ ऋण लिएर जनताको भावनामाथि खेल्ने पृष्ठभुमिका अराजक मान्छेलाई कमाण्डर तोक्दा समेत सरकार चनाखो नभएको उनको आरोप छ।

उनले भनिन्,'चैत १४ गते निर्मल निवासमा ८६ वर्षीय कमाण्डर चेन्ज गरेर अर्को कमाण्डर टिकाटालो लगाउँदा सरकार के हेरेर बसेको थियो? यसमा सरकारको तयारी पुगेन। किनभने कमाण्डरका गतिविधि त हामीले विगतमा बल्खुदेखि धेरै ठाउँम हेरिसकेका छौं। बैंकबाट अर्बौं रुपैयाँ लिइसकेपछि तिर्नु पर्दैन भनेर ऋणीहरुको भावनामाथि खेलेर अराजक बनि हिंड्नेलाई कमाण्डर तोकेको सार्वजनिक भइसकेको थियो नि त।'

लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका सांसद सर्वेन्द्रनाथ शुक्लाले त्रिभूवन विमानस्थल नजिकैको संवेदनशील स्थलमा राजावादीहरुलाई आन्दोलन गर्न किन ठाउँ दिइएको हो? भन्दै प्रश्न गरे। त्यस्तो संवेदनशील ठाउँमा प्रदर्शनका लागि अनुमति दिन नहुनेमा उनको जोड छ।

# बिजयपुर स्वास्थ्य चौकीको वर्थिङ सेन्टर भवन शिलान्यास

**कृष्ण तिवारी/मध्यान्ह**
अर्घाखाँची, २२ चैत



रौतहटको फतुवा बिजयपुर नगरपालिकाको बिजयपुरमा स्वास्थ्य चौकी तथा बर्थिङ सेन्टरको ८ कोठे१ तले भवनको शुक्रबार शिलान्यास गरिएको छ।

फतुवा बिजयपुर नगरपालिकाको कार्यवाहक नगर प्रमुख अम्बेया खातुनले भवनको शिलान्यास गरेका छन्। शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख खातुनले जनताको घरघरमै सेवा पुराउन बिजयपुरमा नयाँ स्वास्थ्य चौकी निर्माण गर्न लागेको बताइन्। संघीय गणतन्त्रको मर्म र भावना अनुसार नगरपालिकाले एक वडा एक स्वास्थ्य संस्था निर्माण गर्ने कार्यलाई निरन्तरता दिइरहेको उनको भनाइ थियो। कार्यवाहक नगर प्रमुख खातुनले वडामा रहेका पुराना स्वास्थ्य चौकीको स्तरोन्नति गर्ने, जनशक्तिको उचित व्यवस्थापन, स्वास्थ्य चौकी नभएको ठाउँमा स्वास्थ्य चौकी निर्माण गर्ने कार्य नगरले विगतदेखि नै गर्दै आएको जानकारी दिइन्।

कार्यक्रममा वडाध्यक्ष राकेश यादवले विधिवत् पूजा गरी शिलान्यासमा सहयोग गर्दै स्वास्थ्य चौकी भवनको निर्माणले यस क्षेत्रका नागरिकले प्रभावकारी स्वास्थ्य सेवा प्राप्त गर्ने भन्दै समयमै गुणस्तरीय ढंगले निर्माण कार्य अगाडि बढाउन आग्रह गरे।

२६लाखको लागतमा ८ कोठे भवन आगामी असार महिनासम्म निर्माण सम्पन्न गर्नुपर्ने र स्वास्थ्य चौकीमा वर्थिङ सेन्टर, बहुउद्देश्यीय हल, ८ वटा कोठा रहने उपभोक्ता समितिका अध्यक्ष तैयव अन्सारीले बताए। शिलान्यास कार्यक्रममा नेपाली कांग्रेसको नेता रमेश खरेल बिधायक प्रत्यासी मोहम्मद सेराज, महाअधिवेशन प्रतिनिधि ज्ञानेन्द्र यादव, अच्युत मैनाली, पूर्व वडाध्यक्ष उमा शंकर जयसवाल, निमित्त प्रमुख प्रशासकीय अधिकृत उपेन्द्र साह, जिन्सी शाखा प्रमुख हरेन्द्र यादव, स्वास्थ्य शाखा प्रमुख रमेशकुमार यादव लगायतको उपस्थिति रहेको थियो।

# नेपाल मोबाइल वितरक संघको अध्यक्षमा रघु त्रिपाठी निर्विरोध



**काठमाडौं/मस-** नेपाल मोबाइल वितरक संघको तेस्रो महाधिवेशनबाट अध्यक्षमा रघु त्रिपाठी निर्विरोध चयन भएका छन्। नगरकोटस्थित रत्नागीरी होटलमा शुक्रबार सम्पन्न महाधिवेशनमार्फत त्रिपाठीको अध्यक्षतामा १५ सदस्य नयाँ कार्यसमिति निर्विरोध निर्वाचित भएका हुन्। नवगठित कार्यसमितिमा वरिष्ठ उपाध्यक्षमा हरि केसी, उपाध्यक्ष राम नारायण दास, महासचिव बाल नरसिंह कुँवर, सचिव नवीन बाँस्तोला, कोषाध्यक्ष रामचन्द्र श्रेष्ठ, सह-कोषाध्यक्ष विनोद केसी चयन भएका छन्। त्यसैगरी, सदस्यहरूमा दिपेन्द्र चौलागाईं, विजय चौधरी, निकित अग्रवाल, श्रीशान्त थापा, दीपक कोइराला, चित्र बस्नेत, तथा निशान्त कुमार अग्रवाल निर्विरोध निर्वाचित भएका छन्। संघलाई अझ मजबुत र सशक्त ढंगबाट अघि बढाउन, बजारका बेथिति र अबैध कारोबारलाई निरुत्साहित पार्न, मोबाइल फोन आयातकर्ता संघ र मोबाइल व्यवसायी महासंघसँग सहकार्य गरेर व्यवसाय न्याय रक्षाको खातिर एकजुटभइ अघि बढ्ने अध्यक्ष त्रिपाठीले बताए।

## देवताल गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
**पिप्रागढी गोठ, बारा**
**मधेश प्रदेश, नेपाल**

### प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आशय तथा आर्थिक प्रस्ताव खोल्ने सूचना

**प्रकाशित मिति २०८१/१२/२२**

प्रस्तुत विषयमा यस कार्यालय बाट मिति २०८१/१०/०८ गतेका दिन नयाँ पत्रिकामा प्रकाशित तपसिल बमोजीमको ठेक्काको लागि म्याद भित्र E-Bid मार्फत दर्ता भएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको पुनः मुल्याङ्कन गर्दा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ज) को उपनियम ४ बमोजिम सारभुत रुपमा प्रभावग्राही भएका देहाय बमोजिमका सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सोहि नियमावलीके नियम ३१ (ज) को उपनियम ५ प्रयोजार्थ सम्बन्धि सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ।

**तपसिलः**

**ठेक्का नं :** **DRM/NCB/W/12/2081/082**
**कार्यको विवरण** : कृषि उपजभण्डारणको लागि शितगृह निर्माण कार्य।
**आर्थिक प्रस्ताव खोल्ने मिति र समय** : २०८१/१२/२९, १३:०० बजे, देवताल गाँउपालिकाको कार्यालय, पिप्रागढी गोठ, बारा।

| सि.न. | सफल बोलपत्रदाताहरूको नाम | कैफियत |
|---|---|---|
| १. | Devchuli-Evina J/V, Pyuthan Municipality-7 | |

**प्रमुख प्रशासकीय अधिकृत**

## बुढीगंगा गाउँपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
**हात्तीमुडा, मोरंग**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र र दरभाउपत्र छनौट गर्ने आशयको सूचना

**(प्रकाशित मितिः 2081/12/23)**

उपरोक्त बिषयमा यस कार्यालयको मिति २०८१/११/१३ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिका र मिति २०८१/११/२९ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार बुढीगंगा गाउँपालिका अर्न्तगत थारु संग्रहालय निर्माण वडा न. ०२, अधुरो ओ.टी.सी. भवन निर्माण वडा न. ३, धराहरा जाने बाटोमा अधुरो पुल निर्माण वडा न. ७, गौशालामा प्राङ्गरिक मल तथा गाईगोठ पूर्वाधार निर्माण वडा न. ०३ र ४ न. वडामा स्वास्थ्य चौकी धेराबारा र ४ न. वडा कार्यालयमा ब्लक लगाउने कार्यको लागी पेश भएका बोलपत्रहरु र दरभाउपत्रहरुको मिति २०८१/१२/२२ गतेको निर्णय अनुसार तपसिल बमोजिमका बोलपत्रहरु र दरभाउपत्रहरु "न्यूनतम मूंल्याङ्कित सारभुत रुपमा प्रभावग्राही" ठहरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजीम छनौट गरिएकोले सोही ऐनको दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाता र दरभाउपत्रदातालाई जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि. न. | ठेक्का न. र कामको बिबरण | बोलपत्र र दरभाउपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) रु. |
|---|---|---|---|
| 1 | BGRM/MOR/NCB/W-05 ( 081/082) धरहरा जाने बाटोमा अधुरो पुल निर्माण वडा न. ७ | Mohan Nirman Sewa Madheli 9, Sunsari | 21,50,000.00 |
| 2 | BGRM/MOR/NCB/W-06 (081/082) थारु संग्रहालय निर्माण वडा न. २ | Sawana Nirman Sewa Duhabi 5, Sunsari | 15,54,343.65 |
| 3 | BGRM/MOR/NCB/W-07 (081/082) अधुरो ओ.टी.सी. भवन निर्माण वडा न. ३ | Mohan Nirman Sewa Madheli 9, Sunsari | 16,01,708.27 |
| 4 | BGRM/MOR/SQ/W-01 ( 081/082) गौशालामा प्राङ्गरिक मल तथा गाईगोठ पूर्वाधार निर्माण वडा न. ३ | Mohan Nirman Sewa Madheli 9, Sunsari | 12,40,391.46 |
| 5 | BGRM/MOR/SQ/W-02 ( 081/082) ४ न. स्वास्थ्य चौकी धेराबारा र ४ न. वडा कार्यालयमा ब्लक लगाउने कार्य | aaryush Construction & Suppliers Pvt. Ltd. Gadi Ga.Pa 02, Sunsari | 13,00,000.01 |

बाहिरिए गभर्नर

# बैंक तथा वित्तीय क्षेत्रमा ठूलो सुधार गरेको दाबी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ चैत ।



पाँच वर्षे कार्यकाल पूरा गरेर नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी बाहिरिएका छन् । गभर्नर पदको हैसियतमा कार्यकालको अन्तिम दिन शुक्रबार पत्रकार सम्मेलन गरेर आफ्नो कार्यकालमा गरेका कामको विवरण सार्वजनिक गर्दै उनी बाहिरिएका हुन् ।

उनले आफ्नो बचाउ गर्दै आफ्नो कार्यकालमा कोरोना महामारीका कारण अधिकांश आर्थिक गतिविधिहरू प्रभावित भई नेपाल लगायतका विश्व अर्थतन्त्र उल्लेख्य रूपमा संकुचन हुन पुगेको, तर आफू नेतृत्वको केन्द्रीय बैंकले मौद्रिक नीति तर्जुमा गर्दा सजगतापूर्वक तथा तथ्यमा आधारित भएर केही परम्परागत र केही गैर परम्परागत उपायहरू अवलम्बन गरेकाले अर्थतन्त्रलाई लयमा राख्नुका साथै समकक्षी देशहरूको तुलनामा बलियो अवस्थामा राख्न मद्दत गरेको दाबी गरेका थिए । राष्ट्र बैंकबाट बाहिरिँदै गर्दा उनले आफ्नो कार्यकालमा भएका कामको स्थिति विवरणको पुस्तिका समेत तयार गरेर सार्वजनिक गरेका गरे ।

अधिकारीकाअनुसार उनको समयमा नेपाल राष्ट्र बैंकले विगत ५ वर्षमा ११ वटा नीति, ९ वटा फ्रेमवर्क, १८ वटा मार्गदर्शन, ८ वटा म्यानुअल र ४१ वटा कार्यविधि जारी गरेर कार्यान्वयनमा ल्याएको छ । साथै, उनले आफ्नो कार्यकालमा राष्ट्र बैंकको वित्तीय अवस्थामा सुधार भएको र सरकारको खातामा रकमान्तर हुने रकममा वृद्धि भएको दाबी गरे ।

कोरोना महामारीको अवस्थामा उपलब्ध सीमित स्रोतलाई सदुपयोग गरी आर्थिक व्यवस्थालाई लयमा राख्न मौद्रिक नीति तर्जुमा गर्दा सजगतापूर्वक तथा तथ्यमा आधारित भएर केही परम्परागत र केही गैर परम्परागत उपायहरू अवलम्बन गरेको उनले बताए । साथै, उनले आफ्नो कार्यकालमा वित्तीय क्षेत्रमा गाभ्ने र गाभिने प्रक्रिया थप सुदृढीकरण भएको र अस्वस्थ प्रतिस्पर्धा निरुत्साहित भएको र वित्तीय क्षेत्रमा भएको बिकृति हदैसम्म न्यूनीकरण भएको समेत दाबी गरे ।

उनका अनुसार पछिल्लो पाँच वर्षमा कृषि, पूर्वाधार लगायतका क्षेत्रमा अनिवार्य लगानी सम्बन्धी व्यवस्था, चालु पुँजीकर्जा मार्गदर्शन लगायतका व्यवस्था दीर्घकालीन हितमा ल्याएको र डिजिटल कारोबारमा उल्लेख्य वृद्धि भएको छ । गभर्नर अधिकारीले आफ्नो राष्ट्र बैंकको नेतृत्वमाथि प्रहार भएको भन्दै उनले सर्वोच्च अदालतले राष्ट्र बैंकको स्वायत्तता जोगाइदिएको समेत बताए ।

# सञ्चय कोषद्वारा ५ अर्ब बढी नाफा वितरण




**काठमाडौं/मस** – कर्मचारी सञ्चय कोषले गत आर्थिक वर्षमा आर्जन गरेको कुल मुनाफाबाट सञ्चयकर्ता तथा योगदानकर्तालाई करिब पाँच अर्ब ३४ करोड मुनाफा वितरण गरेको छ । सञ्चयकर्ताको खातामा करिब पाँच अर्ब २७ करोड र योगदानमा आधारित निवृत्तभरण कोषका योगदानकर्ताको खातामा करिब छ करोड ४३ लाख मुनाफा जम्मा गरिएको कोषले जनाएको छ ।

कोष सञ्चालक समितिको यही चैत १७ गतेको बैठकले आव २०८०/८१ को वित्तीय विवरण स्वीकृत गर्दै सञ्चयकर्ता तथा योगदानकर्ताहरूको व्यक्तिगत खातामा रहेको सुरु मौजदात रकममा एक दशमलव १० प्रतिशतका दरले हुने रकम मुनाफाका रूपमा वितरण गर्ने निर्णय गरेको थियो ।

कोषले प्रत्येक आर्थिक वर्षमा आर्जन गरेको कुल मुनाफाको ९२ प्रतिशत रकम सञ्चयकर्ताका लागि मुनाफा र कल्याणकारी प्रयोजनका लागि वितरण गर्ने गरेको छ । बाँकी रकम विभिन्न जगेडा कोषमा राख्ने गरिएको छ । कोषले सञ्चयकर्ता तथा योगदानकर्तालाई चालु आर्थिक वर्षमा सञ्चित रकममा पाँच दशमलव ५० प्रतिशतका दरले व्याज प्रदान गरिरहेको छभने सञ्चित रकमको सुरक्षणमा सञ्चयकर्ता तथा योगदानकर्ताले कोषबाट छ दशमलव ६० प्रतिशत व्याजमा सञ्चित रकमको ९० प्रतिशतसम्म विशेष सापटी पाउने गरेका छन् ।

कोषले सञ्चयकर्ता तथा योगदानकर्ताको सेवाकालको आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले विगतदेखि नै विशेष, घर, शैक्षिक, घर मर्मत, सरल र जग्गा खरिद सापटीसमेत उपलब्ध गराउँदै आएको छ । सञ्चयकर्ताले छुट्टै योगदान गर्नु नपर्ने गरी कोषले आफ्नै स्रोतबाट सञ्चयकर्ता दम्पतीलाई स्वास्थ्य उपचार सोधभर्ना सुविधा उपलब्ध गराउँदै आएको छ । यस्तै, काजकिरिया अनुदान, सुत्केरी तथा शिशु स्याहार सुविधा, दुर्घटना क्षतिपूर्ति अनुदानलगायतका सामाजिक सुविधा प्रदान गर्दै आइएको छ । यसअन्तर्गत गत आवमा सुत्केरी तथा शिशु स्याहार सुविधा १४ करोड ६५ लाख, काजकिरिया अनुदान दुई करोड ८२ लाख, दुर्घटना क्षतिपूर्ति दुई करोड १४ लाख, स्वास्थ्य उपचार सोधभर्ना ३४ करोड ६५ लाख र विशेष आर्थिक सुविधाबापत निजामतीतर्फका ४७ सञ्चयकर्तालाई करिब ७० लाख प्रदान गरिएको कोषले जनाएको छ ।

हाल कोषमा पाँच लाख ७५ हजार सञ्चयकर्ता र ८० हजार ४०० निवृत्तभरण कोषका योगदानकर्ता रहेका छन् ।

# साइमेक्स बीवाईडी च्यारिटी फाउन्डेसनले घोषणा गर्‍यो प्रोजेक्ट डल्फिन




**काठमाडौं/मस** – नेपालमा बीवाईडी गाडीको आधिकारिक वितरक साइमेक्स इंकको पहलमा सञ्चालित साइमेक्स बीवाईडी च्यारिटी फाउन्डेसन (सीबीसीएफ)ले 'सीबीसीएफ प्रोजेक्ट डल्फिन' को घोषणा गरेको छ । कम्पनीकाअनुसार यो नेपालको अति खतराको सूचीमा रहेको जीव 'डल्फिन' संरक्षणका लागि समर्पित एक पहल हो ।

विश्व जलचर जनावर दिवस अर्थात् वर्ल्ड अक्वाटिक एनिमल डेको अवसरमा बिहीबार (सन् २०२५ अप्रिल ३) मा पाटन संग्रहालयमा आयोजित एक कार्यक्रममा सो प्रोजेक्ट औपचारिक रुपमा लन्च गरिएको थियो । यसले नेपालको स्वच्छ पानीको इकोसिस्टम संरक्षणका लागि संरक्षक, वातावरणविद् र सामुदायिक अगुवाहरूलाई एकै स्थानमा ल्याउनेछ ।

गंगा नदी डल्फिन अति खतराको सूचीमा रहेका जीव हुन्, जुन संसारभर तीन हजार ५ सय भन्दा कम संख्यामा मात्र रहेका छन् । सन् २०१६ मा गरिएको सर्वेक्षण अनुसार नेपालमा कर्णाली नदीमा ४३ र कोशी नदीमा ९ गरी ५२ डल्फिन मात्र रहेको रेकर्ड छ ।

इलेक्ट्रिक मोबिलिटीमा बीवाईडी डल्फिन ईभीले गरिरहेको नवप्रवर्तनलाई नेपालको संरक्षण प्रयाससँग मिलाएर सीबीसीएफ प्रोजेक्ट डल्फिनले दिगो विकास र वन्यजन्तु संरक्षणमा बीवाईडी एक कदम अगाडि बढेको देखाएको छ । नयाँ प्रविधि र संरक्षणलाई जोड्ने कार्यमा अर्थपूर्ण पहल गर्ने कार्यलाई भविष्यमा समेत अझै बढावा दिने कार्यमा साइमेक्स बीवाईडी च्यारिटी फाउन्डेसन सदैव प्रतिबद्ध रहने जनाइएको छ ।

# मुक्तिनाथ र साउथ वेस्टर्न बिजनेस कलेजबीच सम्झौता



**काठमाडौं/मस** – मुक्तिनाथ विकास बैंक र साउथवेस्टर्न बिजजनेस कलेजबीच बैंकिङ साक्षरता र व्यवसाय आदन-प्रदान गर्ने उद्देश्यले सम्झौता भएको छ । बैंकले कलेजका विद्यार्थीलाई बैंकिङ साक्षरता कार्यक्रम प्रदान गर्ने विषयमा सम्झौता भएको हो ।

साथै, सम्झौताअनुसार बैंकले योग्य विद्यार्थीलाई इन्टर्नसिप र प्रशिक्षण सुविधा पनि उपलब्ध गराउने छ । जसले गर्दा कलेजका विद्यार्थीको क्षमता विकास गर्ने, वित्तीय जागरण तथा विद्युतीय कारोबार जोखिमबारे सचेतना बढाउने तथा रोजगारीको अवसर समेत प्राप्त गर्न सकिने विश्वास लिइएको छ ।

यस सम्झौताले बैंक र कलेजबीच दीर्घकालीन सहकार्यको सुरुवात गरेको छ, जसले गर्दा विद्यार्थीले व्यावहारिक ज्ञान र रोजगारीका अवसर प्राप्त गर्न सक्नेछन् ।

# नयाँ वर्षमा एलजीले ल्यायो क्यासब्याकसँगै उपहार




**काठमाडौं/मस** – एलजी नेपालले नयाँ वर्षको अवसर पारेर विशेष योजना सार्वजनिक गरेको छ । '४० वर्षदेखि घरघरमा एलजी' भन्ने नारासहित एलजीले ४० प्रतिशत क्यासब्याक, पक्का उपहार र निःशुल्क डेलिभरी जस्ता आकर्षक सुविधाहरू प्राप्त गर्न सक्नेछन् ।

एलजी नेपाल का उच्चस्तरीय तथा स्मार्ट उत्पादनहरू टिभी, फ्रिज, वाशिङ मेसिन, एसी, भ्याकुम क्लिनर लगायतका उपकरणहरूमा यो योजना लागू हुनेछ । यस योजनाअन्तर्गत उपभोक्ताले ४० प्रतिशत सम्मको क्यासब्याक, प्रत्येक खरिदमा पक्का उपहार र अन द स्पोर्ट ईएमआई र एक्सचेन्जको सुविधा पाउने छन् ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

**दावी विरोध सम्बन्धी सूचना**

प्रकाशित मितिः २०८१/१२/२३

यस विभागबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री **Star H.R. Agency Pvt.Ltd.** (इ.प.नं.१६५४/०८०/०८१) को **काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ९ मा रहेको प्रा.लि. को साविकको ठेगाना परिवर्तन गरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

# किया एक्सचेन्ज कार्निभल सुरु




**काठमाडौं/मस** – नेपालका लागि कियाको आधिकारिक विक्रेता कन्टिनेन्टल ट्रेडिङ्ग इन्टरप्राइजेज प्रालिले काठमाडौंको गैरीधारास्थित सिल्भर ओक बैंक्वेटमा आइतबारसम्म सञ्चालन हुनेगरी शुक्रबार किया एक्सचेन्ज कार्निभल सुरु गरेको छ । जुनसुकै ब्रान्डका पुराना गाडी आकर्षक मूल्यमा बिक्री गरी कियाका गाडी लिन सकिनेगरी कम्पनीले कार्निभल आयोजना गरेको हो ।

कार्निभलमा कियाका गाडीहरुको टेस्ट ड्राइभमा सहभागीका लागि कम्पनीले विशेष उपहारको व्यवस्था गरेको छ । कार्निभलमा एक्सचेन्ज बोनसबापत ६ लाख रुपैयाँसम्म र नगद भुक्तानी गरेर गाडी किन्दा ६ लाख रुपैयाँसम्म छुट पाइने जनाइएको छ ।

त्यसैगरी गाडी खरिदकर्तालाई सहज तरिकाले बैंक, वित्तीय संस्थाबाट फाइनान्सको व्यवस्था मिलाइएको छ । कम्पनीले बिक्री गर्ने गाडीमा एक वर्षसम्मको सडक कर र एक वर्षको पूर्ण बीमा आफैंले बेहोर्ने नीति लिएको छ । कार्निभलमा ग्राहकले एक्सचेन्ज गर्ने सवारी साधनको आकर्षक मूल्यांकन पाउने र एक्सचेन्ज बोनसको समेत लाभ उठाउन सक्ने छन् ।

# चितवनमा सेरेस र नामीको एक्सचेन्ज तथा टेस्ट ड्राइभ

**चितवन/मस** – नेपालमा सेरेस र नामी इलेक्ट्रिक सवारी साधनहरूको आधिकारिक वितरक एमएडब्ल्यू वृद्धिले भरतपुरको सीएमटी रिसोर्टमा आफ्नो एक्सचेन्ज र टेस्ट ड्राइभ क्याम्पको आयोजना गरेको छ । साथै, विशेष अफरको रूपमा कार्यक्रम अवधिभर सेरेस र नामी ईभी खरिद गर्ने ग्राहकहरूले निःशुल्क ७ किलोवाट चार्जर प्राप्त गर्ने जनाइएको छ । ग्राहकहरूलाई थप लाभ स्वरूप एमएडब्ल्यू वृद्धिले नामी र सेरेस खरिद गरी विद्युतीय गतिशीलताको अर्को पुस्तामा स्तरोन्नति गर्ने ग्राहकहरूलाई असाधारण विनिमय मूल्य र विशेष बोनसहरू पनि प्रदान गर्ने जनाइएको छ ।

**मण्डनदेउपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महादेवस्थान, काभ्रेपलाञ्चोक**
**फोन नं. ०११४१२११३**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२३)**

यस नगरपालिकाभित्र रहेका तपसिल बमोजिमको कार्यको लागि अनलाइन मार्फत प्राप्त बोलपत्रहरुको प्राविधिक र आर्थिक प्रस्ताव मुल्यांकन गरि मुल्यांकन समितिले प्रक्रियागत रुपमा पेस गरेको प्रतिवेदन अनुसार सारभुतरुपमा प्रभावग्राही रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपसिलका योजनाहरुको लागी तपसिल बमोजिमका बोलपत्रदाता छनौट भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्य नं | योजनाको नाम | प्रस्तावदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| 34/Works/NCB/MDM/081/82 | Bancharekhola Timaltole, Yonjantole Tyankidanda Lamatole Khanepani Yojana ra Khanepani Kuwa, Dharo ra Tyanki Nirman / Marmat | Chchhorolpa Construction and Suppliers (P) Ltd, Lokanthali | रू ४८,४३,८५२.६२ (अर्चालिस लाख त्रियालिस हजार आठ सय बाउन्न रुपैयाँ बैसठी पैसा मात्र) |
| 37/Goods/NCB/MDM/081/82 | Gabion Kharid Garne Kaam | Aashapuri Wires Pvt. Ltd, Banepa | रू २५,६९,७६५.७७ (पच्चीस लाख उनानसत्तरी हजार सात सय पैसठी रुपैयाँ सतहत्तर पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

**स्वैच्छिक खारेजीमा रहेको भिगोर सिड कम्पनी प्रा.लि. को लिक्विडेटर द्वारा जारी गरिएको हकदावी सम्बन्धी सूचना**

यस **भिगोर सिड कम्पनी प्रा.लि द.न. १३९८०२/०७२/०७३** लाई यस कम्पनीको मिति २०८१/१२/१५ मा बसेको बैठकले प्रस्ताव पारित गरी कम्पनीलाई स्वैच्छिक खारेज गर्ने निर्णय गरी हामीलाई लिक्वीडेटर नियुक्त गरिएको व्यहोरा जानकारी गराउँदै यस कम्पनी उपर कुनै व्यक्ती, बैंक तथा बित्तिय सँस्थाहरु, कम्पनी साहुआदी कसैको केही लेनदेन भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो दावी तथा सो प्रमाणित गर्ने प्रमाणित कागजात सहित निम्न लिखित ठेगानामा दाबी गर्नहुन सम्बन्धित सबैमा सूचित गरिन्छ । सो अवधि भित्र कुनै दाबी विरोध पर्न नआएमा नियम अनुसार कम्पनी खारेजी हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।
**लिक्विडेटरः बलराम पन्त, इजाजतपत्र नं. ४००**
**फोन नं. ९८५११७१६५९, ९८०८२०४०७४, ईमेलः** balramp56@gmail.com

**काठ लिलाम बिक्री सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/१२/२३**

डडेल्धुरा जिल्ला अजयमेरु गाउँपालिका-२ स्थित विन्द्राधुरा पन्नौडा सा.व.उ.स.को वन क्षेत्रबाट उत्पादन भई घाटगद्दीमा राखिएको कुल १७७ गोलिया थानको परिमाण ३२३०.२७ क्यूफिट सल्ला जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा बिक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा दिउसो ठिक १२ बजेभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स को सूचना पाटीमा टाँस गरिएको छ ।


**UAE मा रोजगार**
कम्पनीः EJADAH ASSET MANAGEMENT GROUP LLC — शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८१/१२/२१ — चलानी नं.:६०२३५६५२ — LT. No.:321411

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaners | 0 | 200 | स. काममा दक्ष | 800 | २९,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ३० गते (12 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.
सिनामंगल, काठमाडौं, नेपाल, फोनः ४१११११२६
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४

**Malaysia मा रोजगार**
कम्पनी : SEKAWAN SECURITY SDN BHD — शहरः MALAYSIA,JALAN
पूर्व स्वीकृत मितिः २०८१/१२/२२ — चलानी नं.: ६०२३५६६९ — LT. No.:321519

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 75 | 0 | स. काममा दक्ष | 1700 | ५२,२०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ३० गते (12 April 2025) मा हुनेछ ।



| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।



DULSCO HUMAN RESOURCES PVT. LTD.
श्रम इजाजत पत्र नं.: ५००/०६१/०६२
Dhumbhari - 4, Kathmandu, Tel : +977-1- 4547688
Mobile No.: 9818582218, 9841422940, 9860821120, 9811193498, 9849142410, 9808974040,
E-mail : dulscohr500@gmail.com, info@dulscohr.np, Web.: www.dulscohr.com

**साइप्रसमा रोजगार** | कम्पनी : EUROASIA HUMAN RESOURCES P.E.AGENCY -509 — शहर : CYPRUS
पूर्व स्वीकृत मितिः २०८१/१२/२२ — चलानी नं.: ६०२३५६८० — L.T. No.: 321565

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | सम्बन्धित काममा दक्ष | 400 | ६०,३२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factory Worker | 2 | 0 | | 850 | १२८,१९७ | | | | | | | |
| 3. | Housekeeping | 1 | 0 | | 900 | १३५,७३८ | | | | | | | |
| 4. | Nurse | 0 | 2 | | 790 | ११९,१४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ३० गते (12 April 2025) मा हुनेछ ।



| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।



इम्प्लोयमेन्ट लिंक नेपाल प्रा.लि.
श्रम इजाजत नं. २९९/०५८/५९
१७१ चेतनशिल मार्ग, कपुरधारा-२६, काठमाडौं, फोन नं. ०१-४३७२६९८, ४३७१३६५
E-mail: employmentlinknepal.document@gmail.com / Website : employmentlinknepal.com

**युएईमा रोजगार**
कम्पनीः EMIRATES NATIONAL FACILITIES MANAGEMENT L.L.C. — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/०४/०५ — चलानी नं.:६०२०५०६० — L.T. No.: 289640 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Female | 0 | 80 | सम्बन्धित काममा दक्ष | 900 | ३३४१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Male | 133 | 0 | | 800 | २९७०४ | | | | | | | |
| 3. | Office Boy | 122 | 0 | | 900 | ३३४१७ | | | | | | | |
| 4. | Porter | 88 | 0 | | 800 | २९७०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ३० गते (12 April 2025) मा हुनेछ ।



| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।



DK RIVER OVERSEAS (P.) LTD.
Govt.Lic. No. 1102/073/074
Tokha-09, Gangabu, Kathmandu, Tel : 01-4980932/4982214/4955132

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
२३ चैत २०८१ शनिबार
5 April 2025, Saturday

# ‘हेल्लो काँशीराम’को प्रमोसनमा दिलीप



अभिनेता दिलीप रायमाझी चलचित्र ‘हेल्लो काँशीराम’को प्रमोसनका लागि नेपाल आउने भएका छन् । उनी २ हप्ताभित्र नेपाल आइपुग्ने निर्माण कम्पनी रेडलाइन फिल्म्स प्रा. लि.ले जानकारी दिएको छ ।

पारिवारिक कामका लागि दिलीप केही समयअघि अमेरिका प्रस्थान गरेका थिए । उनी अमेरिका गएको १ महिनामै नेपाल फर्किन लागेका हुन् । दिलीप नेपाल फर्किनासाथ केही मिडियामा अन्तर्वार्ता, भेटघाट र दर्शक भेटघाटमा व्यस्त हुने निर्माण कम्पनीले जनाएको छ ।

‘हेल्लो काँशीराम’ आगामी २ जेठदेखि देशभरका हलमा एकसाथ सार्वजनिक हुँदै छ ।

‘हेल्लो काँशीराम’ केही दिनअघि मात्र सेन्सर पास भएको थियो । यस चलचित्रलाई केन्द्रीय जाँच पास समिति (सेन्सर बोर्ड)बाट युनिभर्सल सर्टिफिकेट दिइएको छ । अब हरेक वर्गका दर्शकले ‘हेल्लो काँशीराम’ सजिलै हेर्न पाउने छन् ।

केही समयअघि चलचित्रको फर्स्ट लुक पोस्टर सार्वजनिक गरिएको थियो । उक्त पोस्टरमा दिलीप रायमाझीले बोको बोकेर भागिरहेको दृश्यले दर्शकको ध्यान तानेको छ । निर्माता, निर्देशक तथा अन्य कलाकारहरू भने प्रमोसनमा जुटिरहेका छन् ।

रेडलाइन फिल्म्स प्रा. लि.को ब्यानरमा निर्माण भएको यस फिल्मको लेखन तथा निर्देशन रिम विश्वकर्माले गरेका हुन् । रिम निकै पुराना निर्देशक हुन् । यस फिल्मलाई पीबी थापाले लगानी गरेका हुन् । यम आलेले खिचेको फिल्मको लगानी डेढ करोड पुगेको बताइएको छ । फिल्मलाई मित्र डी. गुरुङले सम्पादन तथा रङ संयोजन गरेका छन् ।

फिल्ममा दिलीप रायमाझीसँगै वरिष्ठ कलाकारहरू शूरवीर पण्डित, रामचन्द्र अधिकारी, सुशील पोखरेल देखिने छन् । त्यस्तै, हालका चर्चित हास्य कलाकार उमेश राई (फुलन्देको आमा), भँगेरी डन, नवज्योति रसाइली, सुमन खाण, अजय न्यौपाने, सरोज केसी, उमेश मायालु, विवेश पुरीलगायतका कलाकारहरू पनि फिल्ममा देख्न पाइने छ ।

यस फिल्ममा चर्चित अभिनेत्री प्रियंका कार्कीको समेत विशेष भूमिका रहेको निर्माण टिमले जनाएको छ । प्रियंका नेपाली फिल्म उद्योगकी सफल अभिनेत्री भएकाले उनको उपस्थितिले फिल्मलाई थप बलियो बनाउने विश्वकर्माको भनाइ छ ।

चलचित्रको नृत्य निर्देशन कविराज गहतराजले गरेका हुन् । द्वन्द्व निर्देशन शंकर महर्जनले गरेका छन् भने संगीत संयोजन नरेन्द्र वियोगी र विपीन आचार्यले गरेका छन् ।

चलचित्रका गीतहरूमा प्रताप दास, मेलिना राई, राजु परियार, किरण सुनार र अनिक गिरीको आवाज रहेको जनाइएको छ । नेपाली सांगीतिक क्षेत्रका चर्चित गायक-गायिकाहरूको सहभागिताले फिल्मको संगीत पक्ष थप आकर्षक बनेको निर्माण पक्षको भनाइ छ ।

निर्देशक विश्वकर्माले यसअघि ‘नेपाली वीर’, ‘सम्झिराख है’, ‘रेलिमाई’लगायतका फिल्महरू निर्देशन गरिसकेका छन् । उनका फिल्महरूले नेपाली मौलिक कथावस्तु, समाजका वास्तविकता प्रस्तुत गर्ने गरेका छन् । फर्स्ट लुक पोस्टर र प्रदर्शन मिति एकैसाथ सार्वजनिक गरेर प्रचार थालेको फिल्मको टिजर र गीत छिट्टै सार्वजनिक गर्ने निर्माण टिमको तयारी छ ।

# ‘के घर के डेरा : घर नं. २’का ३ पोस्टर सार्वजनिक




**काठमाडौं/मस–** फिल्म ‘के घर के डेरा : घर नं. २’का ३ वटा पोस्टर सार्वजनिक गरिएको छ । निर्देशक दीपेन्द्र के. खनालको जन्मदिनको अवसरमा सार्वजनिक गरिएका ३ पोस्टरमा प्रेम, तनाव, नैराश्य र खुसीलाई दर्शाइएको छ ।

निर्माताले बिहीबार पोस्टर सार्वजनिक गर्दै फिल्म २ जेठमा प्रदर्शनमा आउने पनि जानकारी गराएका छन् । सार्वजनिक ३ पोस्टरमा मुख्य ३ पात्र र उनीहरूको मनोदशालाई चित्रण गरिएको छ ।

एक पोस्टरमा अभिनेता निश्चल बस्नेतलाई प्रस्तुत गरिएको छ । दोस्रो पोस्टरमा खगेन्द्र लामिछाने र उपासनासिंह ठकुरीलाई रोमान्टिक शैलीमा प्रस्तुत गरिएको छ ।

तेस्रो पोस्टरमा भने निश्चल, खगेन्द्र र उपासनासहित आर्यन सिग्देल, केकी अधिकारी, प्रकाश घिमिरे, सृजना नापितलगायत चित्रित छन् । घरका ६ वटा झ्यालबाट उनीहरूको मनोदशालाई प्रस्तुत गरिएको छ । कोही खुसी त कोही निराश भावमा देखिएका छन् ।

फिल्मलाई ‘कर्नाली ब्लुज’, ‘एक्लो’, ‘फिरफिरे’जस्ता उपन्यासका लेखक बुद्धिसागरले लेखेका हुन् । यो उनी लिखित पहिलो कथानक फिल्म हुने छ ।

कृष्णबहादुर थापाको छायांकन रहेको फिल्म एप्पल इन्टरटेनमेन्ट, ए प्लस इन्टरटेन्मेन्ट र नटराज क्रियसनको प्रस्तुतिमा निर्माण भएको हो । नकिम उद्दिन, शरद् श्रेष्ठ र किरण महर्जन निर्माता रहेको फिल्ममा युवराज कार्की कार्यकारी निर्माताका रूपमा छन् ।

# ‘जनचेतनामूलक अनामनगर उत्सव, २०८१’ आज

**काठमाडौं/मस–** ‘जनचेतनामूलक अनामनगर उत्सव, २०८१’ आज शनिबार आयोजना हुँदै छ । लागुऔषध दुर्व्यसन, सर्ने/नसर्ने रोगहरू, सामाजिक संजालको दुरुपयोग, भ्रष्टाचार, महिला हिंसा, लैंगिक हिंसा, सुरक्षित वैदेशिक रोजगार, सुरक्षित बैंकिङ कारोबार, मानसिक स्वास्थ्य, मौलिक भजन, बालअधिकारका विषयमा आधारित रही चेतना जगाउने उद्देश्यले काठमाडौंको अनामनगरमा बृहत् जनचेतनामूलक सांस्कृतिक कार्यक्रम आयोजना गर्न लागिएको हो ।

स्वीकृति इभेन्ट म्यानेजमेन्टले आयोजना गरेको कार्यक्रमको संरक्षक एवं प्रवर्द्धक काठमाडौं महानगरपालिका वडा नम्बर- २९ रहेको छ । विकृति विसंगतिका विविध विषयमा वडावासीहरुलाई सचेतना गराउने उद्देश्यअनुरुप कार्यक्रमको आयोजना गरिएको वडा अध्यक्ष कुश ढकालले बताए ।

विशुद्ध जनचेतना जगाउने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा करिब ७ दर्जन कलाकारले सहभागिता जनाउने छन् । २२ जना कालाकारले विविध विषयवस्तुमा जनचेतनामूलक सडक नाटक प्रस्तुत गर्ने छन् ।




जनचेतनामूलक दोहोरी, हास्यव्यंग्य, जादू, नृत्य एवं मौलिक भजन प्रस्तुति रहने कार्यक्रमका संयोजक तथा स्वीकृति इभेन्टका प्रमुख नवीन पौडेलले बताए ।

यसअघि पनि यो संस्थाले बैतडी, बर्दिया, पाल्पा, काठमाडौंको भृकुटीमण्डप, सिन्धुलीलगायत विभिन्न जिल्लामा कार्यक्रम गर्दै आइरहेको छ ।

काठमाडौं महानगरपालिका प्रवर्द्धक, संरक्षक रहेको कार्यक्रममा नारायण रायमाझी, दुर्गा रायमाझी, कुश ढकाल, राधेश्याम लेकाली, दीपाश्री निरौला, टीकाराम ढकाल, सिटी एक्सप्रेस मनी ट्रान्सफरका चन्द्र टन्डन, राष्ट्रिय बाणिज्य बैंकका दिनेश गौतम, नेपाल टेलिकमका केशव भट्टराई, कमेडी च्याम्पियन हिमेश पन्त, नवीन ढुंगेल, भ्रष्टाचारविरोधी अभियन्ता हेम पाठक, गरिमा विकास बैंकका सीईओ माधव उपाध्याय उपस्थित हुने छन् ।

यसरी नै भिजन लुम्बिनीका जगत् पोखरेल, रुद्रप्रसाद बस्याल, स्टार अटो इन्टरप्राइजेजका धनबहादुर बस्नेत, नन्दीकेशर पौडयाल, सोभित बस्नेत, दशरथ न्यौपाने, सोमनाथ सापकोटा, अर्जुन श्रेष्ठ, बीएन घर्ती, नानीबाबु बुढाथोकी, सेमन्तमणि खराल, रुपन्देही सामाजिक संजाल अस्ट्रेलियाका अध्यक्ष दिवाकर काफ्ले, मध्यान्ह दैनिकका सम्पादक मदनकुमार श्रेष्ठ, स्थानीय तह कर्मचारी संघका केन्द्रीय महासचिव शम्भु बराल, राजेन्द्र गिरी, पत्रकार कुवेर गिरी, समाजसेवी सरिफा आचार्य, पण्डित नारायण पौडेल, कृष्ण कँडेल, सन्तोष ढुंगेल, अनिलबाबु श्रेष्ठ, रेनु श्रेष्ठ, संगीता पुजारी, ढाबनाथ पोखरेल, शेषनारायण पोखरेल, विनोद कार्की, खुमन अधिकारी, दिनेश खड्का, उदिराम खड्का, शीतल शर्मा, सरोज सेन्चुरीलगायत अतिथिहरूको उपस्थिति रहने छ ।

मिडिया सहयोगीका रूपमा मध्यान्ह राष्ट्रिय दैनिक, सुनौलो नेपाल डट कम, जनसवाल दैनिक, मेचीकाली खबर, नेपाल खबर, नेपाल पुकार टीभी, वर्ल्ड वाइड टीभी, कान्तिपुरपाटी, रातोपाटी डट कम, लोक संचारकर्मी नेपाल छन् ।

काठमाडौंको अनामनगरस्थित वडा नम्बर- २९ को कार्यालय भवन अगाडि आयोजना हुने कार्यक्रम सबैले निःशुल्क रूपमा अवलोकन गर्न सक्ने छन् ।

# नोरा फतेही नेपाल आउँदै

**काठमाडौं/मस–** बलिउड अभिनेत्री तथा आइटम गर्ल नोरा फतेही नेपाल आउने भएकी छन् । ३ जेठ अर्थात् १७ मे २०२५ मा हायात ग्राउन्ड, बौद्ध टुसालमा आयोजना हुने ‘नोरा फतेही लाइभ इन नेपाल’मा नेपाली दर्शकहरूलाई नचाउन नोरा नेपाल आउन लागेकी हुन् ।

वर्ल्डवाइड फिल्म्स नेटवर्क प्रा. लि.को आयोजनामा हुने कार्यक्रम शिक्षाबाट बञ्चित बालबालिकाहरूका क्षेत्रमा काम गर्दै आएको ह्युमन रेस्पेक्ट नेपालको सहयोगार्थ आयोजना हुने छ भने मनु मिडिया प्रा. लि.ले इभेन्ट व्यवस्थापन हेर्ने छ ।

नेपालमा आयोजना हुँदै आएका इन्टर नेसनल आर्टिस्टहरूको शोबीच ‘नोरा फतेही लाइभ इन नेपाल’ अझ उत्कृष्ट हुने दाबी गर्छन् इभेन्ट स्यानेजर मनीष कार्की । यसका लागि मुम्बईबाट नोरासहित २० बढी कोरस डान्सरहरू प्रस्तुतिका लागि नेपाल आउने छन् ।

पूर्ण मनोरञ्जनसहितको कार्यक्रम हेर्न नेपालीसँगै सीमावर्ती क्षेत्रका भारतीय दर्शकहरूसमेत आउने विश्वास आयोजक संस्थाले राखेको छ । यहाँ दर्शकहरूले नृत्य र संगीतको भरपूर मजा लिन सक्ने छन् ।

फिल्म निर्माण र सामाजिक काममा लाग्दै आएका आयोजक संस्थाका अध्यक्ष देव मगरका अनुसार नोरा फतेही लाइभ इन नेपालमा चर्चित नेपाली कलाकार हरूको पनि प्रस्तुति रहने छ ।

आयोजक संस्थाले टिकटको मूल्य २ हजार, ४ हजार, ७ हजार र १६ हजार रुपैयाँ तय गरिएको जनाएको छ । नोराले बलिउडमा ‘दिलबर दिलबर’, ‘कुसु कुसु’, ‘ओ साकी साकी’, ‘नाच मेरी रानी नाच’ सुपरडुपर हिट गीतहरूमा काम गरेकी छन् ।



**Bannigadhi Jayagadh Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Jayagadh, Achham**

**Invitation for Sealed Quotation**

**Date of Publication: 4th Apr 2025 (2081-12-22 B.S)**
**(Contract Identification no: BJRM/SQ/GOODS/2081-082/03)**

1. **Bannigadhi Jayagadh Rural Municipality** invites electronic bid only from the eligible bidders for the suppliers of followings contract under **Sealed Quotation Biddings** Procedures:

| BID ID No. | Requirement | Bid Document Fee Nrs | Bid Security (Nrs.)/ Minimum Validity. | Estimated Amount Rs (Without Vat) |
|---|---|---|---|---|
| BJRM/SQ/GOODS/2081-082/03 | Procurement & Supply of Sanitary Pad | 1,000.00 | 33,000/90 Days | 10,00,000.00 |

2. Electronic bid must be submitted through PPMO's system www.bolpatra.gov.np/egp on of before **12:00 Non on 2082-01-07 (2025-04-20)**. Bids received after this deadline will be rejected.
3. **Bank Information for purchase of Bid document: Himalayan Bank, Bannigadhi Branch, Achham**
**Account Name: Bannigadhi ‘Ga 1-1’ Antarik Rajaswa Khata, Rajaswa (revenue) Shirshak no.:14229**
**Account No: 27151561540063**
**For Bid security: Himalayan Bank, Bannigadhi Branch Achham**
**Account Number: Bannigadhi Ga-3 Sthaniya Taha Darauti Khata.**
**Account No : 27151561540098**
4 . The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2082-01-07 (2025-04-20) 12:13 hours** at the office of **Bannigadhi Jayagadha Rural Municipality**.
5. If the last date of purchasing and / or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the orginal last date of bid submission.
6. Eligible bidders may obtain further information and inspect the Bidding Document at the office of **Bannigadhi Jayagadh Rm achham, Email: log.bannigadhi@gamil.com, Mobile no: 9848435423**

**Chief Administrative Officer**
**Bannigadhi Jaygadh Rural Municipality, Achham**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**